# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक २२३ बुधबार, १४ असोज २०८३ | SOURYA NATIONAL DAILY | Wednesday, 30 September 2026 | पृष्ठ : ८+२ मूल्य रु. ५


### सरकारका यी ६ महिना

## गैरकानुनी पक्राउका यी ६ घटना

### ■ बन्दीप्रत्यक्षीकरणको रिटमा बारम्बार झापड, तर पाठ सिकेन सरकारले

■ विक्रम रत्न




काठमाडौँ । मंगलबार वालेन्द्र शाह नेतृत्वको सरकार गठन भएको ६ महिना पूरा भएको छ। यी ६ महिनामा सरकारले गरेका काममध्ये ६ हुन्– ६ गिरफ्तारी, जो अदालतबाट गैरकानुनी ठहरिए।

सरकार गठनको दोस्रो दिन गत १४ चैतमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउबाट सरकारले गैरकानुनी पक्राउको शृंखला सुरु गरेका थियो। गृहमन्त्री सुदन गुरुङले पक्राउ परेकाको संख्या नम्बरमै गन्न थाले। उनको पहिलो कार्यकालमा त्यस्ता पक्राउको नम्बर १० माथि पुग्यो।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका नेता वालेन्द्र शाहको नेतृत्वमा गठन भएको वर्तमान सरकारले पक्राउ गर्ने क्रम अझै रोकेको छैन। र, अदालतले पनि सोझै वा घुमाइफिराई ती पक्राउलाई गैरकानुनी करार गर्ने क्रम पनि रोकिएको छैन। यसबीच सरकारले आधा दर्जन हाइप्रोफाइल गैरकानुनी पक्राउ गरेको छ।

सरकारको गैरकानुनी पक्राउको पछिल्लो कडीमा रहे– पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा। उनलाई आइतबार बिहान उपत्यका अपराध अनुसन्धान कार्यालयले महाराजगन्जस्थित उनकै निवासबाट पक्राउ गरियो, करिब १२ घन्टा नियन्त्रणमा लिएर छाडियो। कुनै उजुरीबिना उनलाई पक्राउ गरिएको थियो। पक्राउपछि कुनै अनुसन्धान प्रक्रिया अघि बढाइएन, न त बयान नै लिइयो।

राणाको पक्राउसँगै सरकारले व्यक्ति पक्राउमा स्वेच्छाचारिता बढाउँदै गएको भनेर आलोचना चर्किएको छ। कानुनी प्रक्रिया पूरा नगरी पक्राउ गरिएको भन्दै पक्राउ परेका व्यक्तिका परिवारले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेपछि सर्वोच्चले थुनामुक्त गर्ने पनि क्रम चलिरहेकै छ।

केही समयअघि मात्र राजनीतिक विश्लेषक भरत दाहाल, पत्रकार किशोर श्रेष्ठलगायतलाई पनि प्रहरीले पक्राउ गर्‍यो। बन्दीप्रत्यक्षीकरणको रिटमा उनीहरूको पक्राउ गैरकानुनी भन्दै उनीहरूलाई थुनामुक्त गर्न सर्वोच्च अदालतले आदेश दिएको थियो।

सम्पत्ति शुद्धीकरणको मुद्दामा पक्राउ परेका नेपाली कांग्रेसका नेता दीपक खड्का, व्यवसायी शेखर गोल्छालगायतलाई पनि थुनामुक्त गरेर अनुसन्धान गर्न सर्वोच्च अदालतले आदेश दिएको थियो। मेडिकल व्यवसायी दुर्गा प्रसाईँलाई पनि बन्दीप्रत्यक्षीकरणको रिटमा आदेश जारी गर्दै सर्वोच्चले थुनामुक्त गर्न आदेश दिएको थियो।

ओली र लेखकको गिरफ्तारीलाई सर्वोच्चले सोझै गैरकानुनी भनेन। उनीहरूको बन्दीप्रत्यक्षीकरण रिट सदर पनि गरिएन। तर, सर्वोच्चले दिएको आदेशको अन्तर्य त्यो गिरफ्तारी गैरकानुनी रहेको वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीको दाबी छ। ओली र लेखकलाई गत १४ चैतमा उनीहरूकै निवासबाट पक्राउ गरिएको थियो। जिल्ला प्रहरी कार्यालयमा ५ दिन म्याद थप गरी हिरासतमा राखेकै बेला दुवै नेताका पत्नीहरूले बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेका थिए।

सर्वोच्चले २१ चैतमा सो रिटमाथि सुनुवाइ गर्दै २६ चैतभित्र अर्थात् ४ दिनभित्र प्रहरीलाई 'कि मुद्दा चलाउनू नत्र रिहा गर्नू' भन्ने आदेश दिएको थियो। तर, प्रहरीले दुवै नेतालाई रिहा गरेको थियो। अदालतले रिहा गरिएको अवस्थामा पनि अनुसन्धान गरेर आवश्यक कारबाही गर्नु भनेको थियो। तर, ६ महिना बित्दा पनि ओली र लेखकमाथि मुद्दा दर्ता भएको छैन।

वरिष्ठ अधिवक्ता भण्डारी तत्कालीन परिस्थितिमा सर्वोच्चको आदेश अलिकति अनौठो भए पनि त्यसको सोझो तात्पर्य ओली र लेखकको पक्राउ गैरकानुनी नै हो भन्छन्। ओली र लेखकबाहेक अन्य ४ अर्थात् दुर्गा प्रसाईं, किशोर श्रेष्ठ, भरत दाहाल र शेखर गोल्छाको बन्दीप्रत्यक्षीकरण रिटमा अदालतले सोझै रिटका पक्षमा आदेश दिएको छ। वरिष्ठ अधिवक्ता भण्डारीका अनुसार ती सबै गैरकानुनी पक्राउ थिए।

**'बन्दीप्रत्यक्षीकरणमा छुट्नु भनेकै गैरकानुनी पक्राउ ठहर्नु हो'**

वरिष्ठ अधिवक्ता भण्डारीका अनुसार बन्दीप्रत्यक्षीकरण जारी हुनु नै पक्राउ गैरकानुनी ठहर हुनु हो। सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण जारी गर्नुले सरकारको काम गैरकानुनी भएको स्वतः प्रमाणित भएको उनले बताए। 'बन्दीप्रत्यक्षीकरण जारी हुनुको अर्थ थुना गैरकानुनी थियो भन्ने हो,' उनले भने।

भण्डारीले जरुरी पक्राउ पुर्जीको समेत दुरुपयोग हुने गरेको भन्दै त्यस विषयमा पनि सर्वोच्च बोलेको बताए। उनले सरकारले राजनीतिक र व्यावसायिक व्यक्तिलाई टार्गेट गरिरहेको भन्दै त्यसमा अदालतले सन्तुष्टि नजनाएको धारणा राखे। सरकारले कानुनी प्रक्रिया नपुर्‍याई वैयक्तिक स्वतन्त्रतामाथि आघात गरिरहेको उनको भनाइ छ। 'राजनीतिक र व्यावसायिक व्यक्तिलाई सरकारले टार्गेट गरिरहेको छ। यो कुरामा अदालतले धेरै सन्तुष्टि जनाइराखेको छैन। अदालतले सरकारको काम, कारबाहीलाई रोक लगाउने काम गरिराखेको छ,' उनले भने।

एकपटक बन्दीप्रत्यक्षीकरण जारी भएपछि पुनः अर्को पटक त्यही प्रकृतिले पक्राउ गर्नु नहुनेमा सरकार सचेत हुनुपर्नेमा आदेशसमेत नटेरेको अधिवक्ता एकराज भण्डारीको भनाइ छ। ▸▸▸ बाँकी पृष्ठ २

## 'इतिहसमै पहिलो पटक केपी ओलीले आत्मालोचना गरे'

■ सौर्य समाचार



काठमाडौँ । हठी स्वभावका मानिने नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पहिलो पटक केन्द्रीय कमिटी बैठकमै आत्मालोचना गरेको खुलासा भएको छ। गत साता बिहीबार सम्पन्न केन्द्रीय कमिटी बैठकमा ओलीलाई सार्वजनिक रूपमा आत्मालोचना गर्ने अवस्थामा पुर्‍याउनु बैठकको महत्वपूर्ण उपलब्धि भएको नेताहरूले बताएका छन्।

पार्टीभित्र लामो समयदेखि उठिरहेका असन्तुष्टि र निर्वाचन परिणामपछिको दबाबका बीच बसेको बैठकमा ओलीले आफ्ना कमजोरी स्विकार्दै सच्याउने प्रतिबद्धता जनाएका हुन्। सौर्य दैनिकसँगको अन्तर्वार्ताका क्रममा केन्द्रीय सदस्य आनन्द पोखरेलले ओलीले आत्मालोचना गरेको बताए।

उनका अनुसार ओलीले आफ्ना कमीकमजोरी स्वीकार गरी सच्याउने प्रतिबद्धता व्यक्त गरेका छन्।

नेता पोखरेलसँगको अन्तवार्ता पृष्ठ ५ मा

पोखरेलले एमाले पार्टी इतिहासमा पहिलो पटक ओली आत्मालोचित भएको दाबी गर्दै यसलाई बैठकको सबैभन्दा राम्रो पक्षका रूपमा व्याख्या गरेका छन्। उनले भने, 'बैठकको उपलब्धि पहिलो कुरा अध्यक्षले आफ्ना कमीकमजोरीको आत्मालोचना गर्नुभएको छ। भएका कमीकमजोरी सच्याउने प्रतिबद्धता गर्नुभएको छ। नेकपा एमालेको इतिहासमा पहिलो पटक उहाँ आफू आत्मालोचित हुनुभएको छ। यो सबैभन्दा राम्रो पाटो हो।'

पोखरेलको नजरमा पहिलो उपलब्धि ओलीको आत्मालोचना हो भने दोस्रोमा निर्वाचन समीक्षालाई ओलीले स्विकार्नु, तेस्रोमा पुनर्गठनका सन्दर्भमा उनले 'सुदृढीकरणको संकल्प' का साथ अघि बढ्नु र चौथोमा पार्टीलाई एकताबद्ध बनाउन आह्वान गर्दै त्यसको नेतृत्व आफैँ गर्ने प्रतिबद्धता जनाउनु रहेको छ।

ओलीको आत्मालोचनाको विषयलाई पार्टी नेताहरूले किन महत्वपूर्ण मानिरहेका छन् भन्नेबारे बुझ्न भने ओलीको राजनीतिक शैलीतिर फर्किनुपर्छ। ओली राजनीति र पार्टीभित्र पनि कडा शैलीका साथै दम्भी नेताका रूपमा चिनिन्छन्। उनको यो शैलीलाई समर्थकहरूले निर्णायकता र अडिगका रूपमा लिए पनि आलोचकले अडान र अहंकारका रूपमा व्याख्या गर्दै आएका छन्।

२०७७ र २०७८ सालमा २ पटक प्रतिनिधिसभा विघटन र सर्वोच्च अदालतले त्यसलाई बदर गरेसँगै त्यसले तत्कालीन नेकपाभित्र राजनीतिक उथलपुथल ल्यायो। तत्कालीन नेकपा फुट्यो, प्रचण्ड बाहिरिए र एमालेभित्रकै माधव नेपाल समूह पनि अलग भयो। तर, ओलीले त्यसलाई मिलाउन कुनै पनि प्रयास गरेनन्। पार्टीभित्रका असहमति सुन्नुभन्दा आफ्नै निर्णयमा अडिग रहने प्रवृत्तिले एमाले फुटेको र अहिले पनि ओलीकै कारण एमालेभित्र विचलन भइरहेको एमालेकै नेताहरूको दाबी छ।

जेनजी आन्दोलनपछि ओलीले प्रधानमन्त्री पद छाड्नुपरेको थियो। त्यसपछि पार्टीभित्र नेतृत्व, जबाफदेहिता र निर्वाचन परिणामको जिम्मेवारीबारे प्रश्न उठ्दै आएको थियो। यही पृष्ठभूमिमा सामान्यतया आफ्नो कमजोरी स्वीकार नगर्ने छवि बनाएका ओलीले सार्वजनिक रूपमा केन्द्रीय कमिटी बैठकमै आत्मालोचना गर्नुलाई एमाले राजनीतिभित्र महत्वपूर्ण घटनाका रूपमा हेरिएको छ।

### च्यासल मैदानको व्यथा

## बाढीको झट्काले सधैँ थिलथिलो

### ■ दशरथ रंगशालाको विकल्पको सपना, तर खोजिँदैन समाधान



■ दीपेन्द्र सापकोटा

काठमाडौँ । घटना ललितपुरस्थित च्यासलको हो। च्यासल रंगशालाका सुरक्षा गार्ड मनोज बस्नेत सदाझैँ २०८१ सालको असोज १२ गते पनि नियमित ड्युटीमै थिए। अखिल नेपाल फुटबल संघ (एन्फा) र च्यासल युवा क्लबले ड्युटीमा खटाएका उनी आफ्नो कर्तव्य निभाइरहेका थिए। उनीसहित परिवारको वासस्थान पनि त्यहीँ भएकाले उनले अन्यको जस्तो उभिएर ड्युटी गर्नुपर्ने अवस्था थिए। यसैले मनोज त्यो दिन पनि ड्युटीसँगै आफ्नो नियमित कर्ममा लीन थिए। अघिल्लो दिन ११ असोजदेखि नै पानी लगातार परिरहेको थियो। यसर्थ, सधैँ डुब्ने क्षेत्र भएकाले उनीहरू सचेत नै भएर बसेका थिए। उनकी पत्नी सुनितासहित छोरी पनि सँगै थिए। लगातारको वर्षापछि पानीको सतह बढ्दै रंगशाला डुबेको घटना मनोज भुल्न सक्दैनन्।

च्यासल मैदानको इतिहासबारे पृष्ठ १० मा

'पानीको सतह बढ्दै गएपछि रंगशाला पूरै डुबानमा पर्‍यो। रंगशालाअगाडि बनेको रोड नै बगायो। यो सबै देखेर हामी भने सुरक्षित स्थानमा लाग्यौँ,' उनले भने। च्यासल रंगशाला डुबेको यो नै पहिलो घटना थिएन। हुन पनि मनोजले त्यहाँ सुरक्षा गार्डका रूपमा काम गरेको ७ वर्ष भयो। यसबीचमा उनले च्यासलमै धेरै वटा बाढी देखे। 'तर, देखेकामध्ये ८१ सालको बाढी सबैभन्दा ठुलो हो,' सौर्य दैनिकसँग कुरा गर्दै उनले भने, 'त्यो बाढीबारे मैले स्थानीयसँग कुरा गरेँ। उनीहरूले त झन् यसलाई ४०-५० वर्षपछिकै ठुलो हो भने।'

च्यासल क्षेत्र उपत्यकाका २ ठुला नदीको दोभान हो। उत्तरबाट आएको बाग्मती र पूर्वोत्तरबाट आएको मनोहरा यही क्षेत्रमा आएर मिसिन्छन्। यसैले खोलाकै नजिक रहेको च्यासल रंगशाला डुबाउने गरी यसअघि पनि विभिन्न समयमा बाढी आएको छ। यस क्षेत्रमा आएका ठुला बाढीमध्ये २०७८ को भदौ र २०७९ को साउन-भदौमा आएकोलाई पनि लिन सकिन्छ। च्यासल रंगशालाको छेवैमा होटल व्यवसाय चलाएर बसिरहेका मदन लामा पनि २०८१ को असोज १२ मा आएको ठुलो बाढीका साक्षी हुन्।

च्यासल मैदानदेखि दक्षिणको क्षेत्रमा विगत ४ वर्षदेखि होटल व्यवसाय गरिरहेका लामा भन्छन्, 'परार सालको बाढीले रंगशालाको धेरै क्षेत्र ध्वस्त बनायो। मेरो होटल रंगशालाभन्दा ५० मिटर टाढा छ, तर यहाँ नजिकैसम्म बाढी आयो।'

२०८१ को बाढीअघि करिडोरमा पिच बाटो बनिसकेको थियो। मज्जाले ट्याक्सी कुद्थ्यो। त्यो बाढीले बगाएयता त्यहाँ दुःखले मोटरसाइकल मात्र छिर्ने गरेको छ। 'सडक बन्दा आवतजावतमा सहज भएको थियो। अहिले काठमाडौँतर्फको शंखमूल जाँदा घुमेर जानुपर्ने अवस्था छ,' लामाले भने।

## कार्यवाहककै कमान्डमा संवैधानिक आयोग, पूर्णता दिने छैन सुरसार

### ■ सरकार बनेको ६ महिना बितिसक्दा पनि संवैधानिक आयोगका प्रमुख र सदस्य/आयुक्त नियुक्त गर्न सरकार असफल

■ कृष्ण उप्रेती




काठमाडौँ । सरकार बनेको ६ महिना बितिसक्यो, तर संविधानलाई चलायमान बनाउने ६ वटा संवैधानिक आयोग नेतृत्वविहीन छन्। तर, सरकारले ती आयोगलाई नेतृत्वसहितको पूर्णता दिने कुनै तयारी गरेको छैन। संविधानले व्यवस्था गरेका थारू आयोग, मधेसी आयोग, मुस्लिम आयोग, लोकसेवा आयोग, राष्ट्रिय समावेशी आयोग र प्राकृतिक स्रोत तथा वित्त आयोग कार्यवाहकको भरमा छन् भने बाँकी आयोगमा पनि सदस्य र आयुक्तहरूको पदस्थापन हुन सकेको छैन।

प्राकृतिक स्रोत तथा वित्त आयोगमा अध्यक्षबाहेक ३ सदस्यको पद पनि रिक्त छ। राष्ट्रिय समावेशी आयोग, मधेसी आयोग, थारू आयोग, मुस्लिम आयोग, मानवअधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगमा १-१ सदस्यको पद खाली छ। तीमध्ये केहीमा त २ वर्षदेखि पनि पदपूर्ति हुन सकेको छैन।

७ चैत, २०८१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेल अवकाश भएपछि त्यो पद रिक्त छ। कार्यवाहक अध्यक्ष जुद्धबहादुर गुरुङ पनि ९ वैशाख, २०८३ मा अवकाश भइसकेका छन्। अहिले आयोग एकमात्र पदासीन सदस्य विपिनराज निरौलाको कार्यवाहकत्वमा चलेको छ।

त्यस्तै, समावेशी आयोगका अध्यक्ष डा. रामकृष्ण तिमल्सिना २ वैशाख, २०८१ मै अवकाश भएर गए। तर, २ वर्ष भइसक्दा पनि उनको ठाउँमा कोही आएको छैन। उता, ७ चैत, २०८१ मै थारू आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरी, मधेसी आयोगका अध्यक्ष विजयकुमार दत्त र मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले कार्यकाल पूरा गरी बिदा लिए। तर, ४ पटक सरकार फेरिए पनि ती पद खाली नै छन्। मधेसी आयोग र लोकसेवा आयोग पनि कार्यवाहककै भरमा चलिरहेका छन्।

संविधानले अख्तियार, मानवअधिकार, निर्वाचन आयोग, लोकसेवा आयोग, महिला आयोग र दलित आयोगमा प्रमुख/अध्यक्षसहित ठ्याक्कै ४ सदस्य/आयुक्त रहने व्यवस्था गरेको छ। तर, वित्त आयोगमा 'बढीमा ५ जना' र समावेशी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम आयोगमा 'अध्यक्ष र ४ जनासम्म सदस्य' भनी यकिन संख्या नतोकिएकाले अनिवार्य नियुक्ति गर्नुपर्ने बाध्यता नरहेको तर्क सरकार पक्षले गर्दै आएको छ। यही अस्पष्टताले ती आयोगको पदपूर्तिमा सरकार गम्भीर नरहेको देखिन्छ। ▸▸▸ बाँकी पृष्ठ २

## अढाई महिना बित्दा पनि सुदूरपश्चिममा बजेट शून्यता

### ■ विवादित सचिवको नेतृत्वमा बजेट निर्माण, पूर्वाधारका योजना छनोटमा अन्योल

■ यमुना साउद



धनगढी । आर्थिक वर्ष सुरु भएको अढाई महिना कटिसक्यो। तर, सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट ल्याउने मिति अझै निश्चित गर्न सकेको छैन। असारभित्रै बजेट पारित गरिसक्नुपर्ने भए पनि यति लामो समयसम्म बजेट पारित नहुँदा अहिले प्रदेशमा बजेट शून्यताको अवस्था छ।

विवादित सचिव सरुवा भएर पनि बजेट बनाउँदै। पृष्ठ ६ मा

२९ साउनमा आफू नियुक्त भएको दिनमै मुख्यमन्त्री खगराज भट्टले भदौ मसान्तभित्रै बजेट ल्याउने बताए पनि असोज मध्यतिर पुग्दा पनि बजेटको टुंगो लागेको छैन।

बजेट निर्माणका लागि आर्थिक मामिला मन्त्रालयले विषयगत मन्त्रालयलाई कमलबहादुर शाहको सरकारले ल्याएको बजेटमा परिमार्जनसहित वार्षिक कार्यक्रम तथा योजना समावेश गर्न बजेट सिलिङ दिइसकेको छ। ▸▸▸ बाँकी पृष्ठ २

## सरकारका यी...

'एउटा आदेश पाएपछि सरकार सच्चिनुपर्ने हो, तर सच्चिएको छैन । सर्वोच्चको आदेश पनि मानेको देखिएन,' उनले भने ।

नेपालको इतिहासमै पहिलो पटक पूर्वप्रधानन्यायाधीशलाई पक्राउ गरियो, त्यो पनि गैरकानुनी तरिकाले । हातमा अदालतको पक्राउ आदेश नभएको प्रहरीले पूर्वप्रधानन्याधीशजस्तो व्यक्तिलाई पक्राउ गर्छ । उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सन्तोष खड्काले मंगलबार मानवअधिकार आयोगलाई बयान दिने क्रममा 'माथिको आदेश'मा पक्राउ गरिएको बताउनु नै मुलुकमा गैरकानुनी पक्राउको ताण्डव भइरहेको कानुनविद्हरूको ठम्याइ छ ।

प्रहरीमा माथिको आदेश मात्रै पालन गर्ने, कानुन र प्रक्रिया नहेर्ने प्रवृत्ति फस्टाइरहेको छ । यो प्रवृत्तिमाथि सर्वोच्च अदालतको पूर्ण बैठकले पनि प्रतिक्रिया जनाएको छ । पूर्वप्रधानन्याधीश राणा पक्राउ परेपछि सोमबार सर्वोच्चको पूर्ण बैठक बसेको थियो । स्वःस्फूर्त बसेको सो बैठक पनि आलोचित भएको छ ।

बैठकमार्फत सर्वोच्चले कानुनले निर्धारण गरेको प्रक्रिया अपनाएर मात्र व्यक्तिलाई नियन्त्रणमा लिन सकिने स्मरण गराएको छ । 'कानुनको उचित प्रक्रिया पूरा नगरी गरिने कामकारबाहीमा स्वेच्छाचारिताको प्रचुरता रहने हुँदा त्यस्तो कामकारबाहीलाई लोकतान्त्रिक शासन प्रणालीले स्वीकार गर्न सक्दैन,' बैठकले भनेको छ ।

अधिवक्ता एकराज भण्डारीले व्यक्ति पक्राउको सन्दर्भमा संविधान र कानुनको परिपालना नगरेर सरकार अराजकतातिर गइरहेको बताए । उनले सर्वोच्च अदालतले पटक-पटकको बन्दीप्रत्यक्षीकरणको आदेशलाई सरकारले बेवास्ता गरेको आरोप लगाए ।

'सर्वोच्च अदालतले पटक-पटक बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरे पनि सरकारले त्यसबाट शिक्षा नलिई गैरकानुनी पक्राउलाई कायमै राखेको छ,' अधिवक्ता भण्डारीले भने, 'लोकतान्त्रिक व्यवस्थामा व्यक्ति पक्राउको विषयमा कानुनी प्रक्रिया पूरा नगर्नु लाजमर्दो विषय हो । गैरकानुनी पक्राउ भइरहनु संविधान र कानुनको उल्लंघन हो ।'

### सरकार स्वेच्छाचारी बन्दै

अधिवक्ता कृष्ण शर्मा सरकार स्वेच्छाचारी ढंगले चलेको बताउँछन् । सरकार विधिको शासन र संविधानको सर्वोच्चताप्रति संवेदनशील नभएको उनको आरोप छ । 'संविधानले प्रत्याभूत गरेको आधारभूत अधिकारलाई अतिक्रमण गर्ने गरी सरकारले स्वेच्छाचारी ढंगले पक्राउ गर्ने र थुनामा राख्ने गरेको छ,' उनले भने, 'यो विधिको शासन र कानुनको सर्वोच्चताप्रतिको उपहास हो । यस्तो गल्ती दोहोर्‍याउँदै गएको हुनाले सरकारको अपरिपक्वता देखिएको छ ।'

लोकप्रियतामा रमाउन र जनताको भावनासँग खेल्न यस्तो काम गरिरहेको भन्दै उनले सरकार व्यक्तिका मौलिक हकप्रति संवेदनशील हुन नसकेको बताए । 'आफैँ न्यायपालिका र व्यवस्थापिका हुँ भन्ने दम्भ सरकारमा देखापर्‍यो । यसलाई सुधार गरेर अघि बढ्नुपर्छ,' उनले भने ।

## कार्यवाहककै कमान्डमा...

### अध्यादेशको अस्त्र, त्यो पनि स्वार्थका लागि

विगतमा भागबन्डा चल्ने हुनाले लामो समय पद खाली रहने भए पनि अहिले प्रष्ट बहुमतको सरकार भएका कारण सरकारलाई सजिलो छ । तर पनि संवैधानिक आयोगहरूलाई सरकारले बेवास्ता गरिरहेको देखिन्छ । अध्यादेश ल्याउँदा पनि सरकारले निर्वाचन आयोग र सर्वोच्च अदालतबाहेक आयोगहरू भने छुटाएको थियो ।

गत वैशाखमा दोहोर्‍याएर सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश राष्ट्रपतिकहाँ पुर्‍याएको थियो । पहिलो पटकको असहमतिपछि राष्ट्रपतिले २२ वैशाख, २०८३ मा राष्ट्रपतिले सो अध्यादेश जारी गरेका थिए । त्यही अध्यादेशका आधारमा २४ वैशाख, २०८३ मा प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा बसेको संवैधानिक परिषद्को बैठकले सर्वोच्च अदालतका न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा नियुक्तिका लागि सिफारिस गरेको थियो ।

अध्यादेश निष्क्रिय हुन ४ दिन मात्र बाँकी हुँदा पुनः १९ असार, २०८३ मा मानबहादुर कार्कीलाई प्रमुख निर्वाचन आयुक्त तथा गुरुप्रसाद वाग्ले र डा. राजीव सुब्बालाई निर्वाचन आयुक्त पदमा सिफरिस गरियो ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी प्रधानन्यायाधीश र निर्वाचन आयुक्तको विषय सत्ताको स्वार्थसँग प्रत्यक्ष जोडिने भएकाले प्रधानमन्त्रीको प्राथमिकतामा परेको बताउँछन् । अन्य आयोग र त्यसका पदाधिकारीबाट सरकारलाई प्रत्यक्ष लाभ नहुने हुनाले ओझेलमा परेको उनको भनाइ छ । उनी भन्छन्, 'अहिलेको सरकार पनि पुरानै बाटोमा हिँडेको र स्वार्थतर्फ बढी केन्द्रित भएको छ ।'

संविधान जारी भएलगत्तै प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले संवैधानिक आयोगहरूलाई कार्यकर्ता भर्तीकेन्द्रका रूपमा स्थापित गरेको र त्यसपछिका हरेक सरकारले पनि सोही प्रवृत्ति पछ्याउँदै आयोगहरूलाई भागबन्डाको थलो बनाएको वरिष्ठ अधिवक्ता त्रिपाठीको बुझाइ छ ।

अहिलेको सरकार सुशासनका लागि भनेर आए पनि आफूलाई निगरानी गर्ने संयन्त्रलाई निस्तेज पार्न उद्यत् रहेको त्रिपाठीको बुझाइ छ । 'सरकारको निगरानी गर्ने भूमिकामा रहेका आयोगलाई अहिलेको सरकारले बाइपास गर्दै छ,' त्रिपाठीले भने, 'सरकार बनेको ६ महिनासम्म आयोगहरूप्रति बेवास्ता गरिनुले सरकार आफैँ आयोगहरूलाई भूमिकाविहीन र निस्तेज बनाउन खोजेजस्तो देखिन्छ भने सरकारलाई अंकुश लगाउने संयन्त्रहरूलाई निष्क्रिय बनाउन उद्यत् देखिन्छ ।'

### संवैधानिक परिषद्मै अल्पमतमा छ सरकार

सरकारले संवैधानिक नियुक्ति गर्न नसक्नुको मुख्य कारण कानुनी व्यवस्था हो । वैशाखमा ल्याएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ६० दिने म्याद गुज्रिएपछि असार २६ देखि निष्क्रिय भयो र पुरानै संवैधानिक परिषद् ऐन, २०६६ फेरि लागू भएको छ । पुरानै कानुनअनुसार अघि बढ्नुपर्ने भए पनि परिषद्मा सरकार पक्षको स्पष्ट बहुमत छैन ।

प्रधानमन्त्रीको अध्यक्षतामा रहने ६ सदस्यीय परिषद् मा प्रधानन्यायाधीश मनोजकुमार शर्मा, सभामुख डिपी अर्याल, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, प्रमुख विपक्षी दल कांग्रेसका संसदीय दल नेता भीष्मराज आङ्देम्बे र उपसभामुख रुबीकुमारी ठाकुर सदस्य छन् । प्रधानन्यायाधीशलाई तटस्थ मान्दा प्रधानमन्त्री र सभामुख एकातर्फ हुँदा बाँकी ३ सदस्य प्रतिपक्षतर्फ पर्छन् ।

खारेज भएको अध्यादेशले प्रधानमन्त्रीसहित ४ सदस्य उपस्थित भए गणपूरक संख्या पुग्ने र ३ जनाको बहुमतले निर्णय हुने व्यवस्था गरेको थियो । तर, हाल लागू ऐनको दफा ६ ले फरक व्यवस्था गर्छ । जसअनुसार गणपूरक संख्याका लागि अध्यक्षसहित ५ जना (कम्तीमा ४ अन्य सदस्य) चाहिन्छ, र निर्णय सर्वसम्मतिबाटै हुनुपर्छ । सर्वसम्मति नबने अर्को बैठक बोलाइन्छ, त्यहाँ पनि सहमति नबने मात्र सम्पूर्ण सदस्यको बहुमतले निर्णय हुन्छ ।

## अढाई महिना...

बजेट प्रणालीमा योजना समावेश गर्ने समय भने मंगलबार राति सकिएको छ ।

प्रणालीमा योजना समावेश गर्ने अन्तिम समयसीमा घर्किनै लाग्दा पनि प्रदेशको सबैभन्दा धेरै बजेट चलाउने भौतिक पूर्वाधार विकास मन्त्रालयले योजना समावेश नगरेपछि प्रदेशसभामा बजेट पेस हुने मितिकै बारेमा अन्योल झन् बढेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले भने समयसीमाभित्रै प्रणालीमा योजना समावेश गरिसकेका छन् ।

'बजेट प्रणालीमा योजना समावेश गर्ने समय सकिँदै छ । बाँकी समय थप हुने वा नहुनेबारे अहिलेसम्म निर्णय भएको छैन । बजेट कहिले आउँछ भन्ने निश्चित भएको छैन,' आर्थिक मामिला मन्त्रालयका उपसचिव तथा सूचना अधिकारी सत्यराज जोशीले भने ।

सरकारले अघिल्लो बजेटको आकारसमेत घटाएको छ । तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकारले ३७ अर्ब ७० करोड रुपैयाँ बराबरको बजेट ल्याएको थियो । तर, उक्त बजेट घाटामा रहेको भन्दै अहिलेको सरकारले मन्त्रालयगत सिलिङ घटाएको हो ।

सिलिङ घटाएर योजना तथा कार्यक्रम समावेश गर्न भनिए पनि अघिल्लो सरकारले बजेट प्रणालीमा राखेका योजना कसरी र कसले संशोधन गर्ने भन्ने विषयमा मन्त्रालयहरू अन्योलमा छन् ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले अहिलेसम्म नयाँ योजना समावेश गर्न नसकेकोबारे मन्त्रालयका प्रवक्ता एवं सिनियर डिभिजनल इन्जिनियर सुविक श्रेष्ठले पुराना योजना तथा कार्यक्रम संशोधनको प्रक्रिया स्पष्ट नभएकाले नयाँ प्रणालीमा नराखिएको बताए ।

'अर्थले सिलिङ दिइसकेको छ । तर, यसअघिको सरकारले बजेट प्रणालीमा समावेश गरेका कार्यक्रम कसरी र कसले संशोधन गर्ने भन्नेमा अन्योल भएकाले हामीले समावेश गरेका छैनौँ,' उनले भने, 'अर्थ मन्त्रालयले नै संशोधन गरेर पठाएमा सहज हुने थियो भन्ने हो । यस विषयमा कुराकानी भइरहेको छ ।'

### घटचो सामाजिक विकास मन्त्रालयको सिलिङ

सामाजिक विकास मन्त्रालयको बजेट सिलिङ आधाभन्दा बढी घटाइएको छ । अघिल्लो सरकारका पालामा ६ अर्ब ९५ करोड रुपैयाँको सिलिङ पाएको मन्त्रालयले अहिले ३ अर्ब १ करोड रुपैयाँ मात्रै पाएको छ ।

प्राप्त सिलिङमध्ये २ अर्ब २० करोड रुपैयाँ पदाधिकारी तथा कर्मचारीको सेवासुविधा र प्रशासनिक खर्चका लागि छुट्याइएको मन्त्रालयका उपसचिव जयदेव महराले बताए । बाँकी ८१ करोड रुपैयाँभित्र अन्य कार्यक्रम समावेश गरी पठाइएको उनले बताए ।

यता, मुख्यमन्त्री खगराज भट्टले १५ असोज अर्थात् भोलिसम्म बजेट ल्याउने बताएका छन् । उनले भने, '१५ गते बजेट ल्याउछौँ । योजना समावेशका कामहरू भइरहेका छन् ।'


## धितोमा रहेको चल अचल सम्पति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको पाचौ पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८३।०६।१४)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना साथै धितो लिलाम बारेको मिती २०८०।१०।११ गते प्रथम पटकको ३५ दिने सूचना, मिती २०८१।०१।०४ गते दोस्रो पटकको सूचना, मिती २०८१।०३।१२ गते तेस्रो पटकको सूचना र मिती २०८२।०२।०७ गते चौथो पटकको प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित १५ (पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसील**

**धितो लिलाम बिक्री हुने मिति** : २०८३ साल असोज महिना ३० गते

**सम्बन्धित कार्यालय** : शाखा कार्यालय बिराटचोक

**लिलाम हुने स्थान** : शाखा बिराटचौक

**ग्राहकको विवरण**

१) **फर्म वा कम्पनिको नाम** : श्री तिलक सप्लार्यस तथा खरीद बिक्रि, **प्रोप्राईटरको नाम** : तिलक बहादुर कार्की

**दर्ता भएको कार्यालय** : बाणिज्य कार्यालय बिराटनगर

**फर्म/कम्पनिको दर्ता नं.** : ३४९०८/०७७/७८, **दर्ता मिति**: २०७७/०९/२३, **पान नं.** : ६०८२६०३५०

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जगगाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| व्यापार कर्जा | तिलक बहादुर कार्की | मोरङ्ग | मृगौलीया | ७ग | ५१५ | १-४-०-० | ९३,२२,००० | |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण:**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| तिलक बहादुर कार्की | सुन्दरहरैंचा-११, मोरङ्ग | ३७९४४ | मोरङ, २०५५/०६/२५, जिल्ला प्रसासन कार्यालय मोरङ्ग | बाबुः टेक बहादुर कार्की | बाजेः खड्ग बहादुर |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| देबी कार्की | सुन्दरहरैंचा-११, मोरङ्ग | ०५-०१-६९/०५६६४ | मोरङ्ग, २०६९/०६/२२, जिल्ला प्रसासन कार्यालय मोरङ्ग | पतिः तिलक बहादुर कार्की बाबुः डम्बर बहादुर कार्की | ससुराः टेक बहादुर कार्की |

२) **फर्म वा कम्पनिको नाम** : श्री गाँउले टि भि सेन्टर, **प्रोप्राईटरको नामः** गोबिन्द बहादुर श्रेष्ठ

**दर्ता भएको कार्यालय** : बाणिज्य कार्यालय बिराटनगर

**फर्म/कम्पनिको दर्ता नं.** : ३१९३७/०७५/७६, **दर्ता मिति** : २०७५/१०/१७, **पान नं.** : ३०२९९२६६१

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जगगाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| व्यापार कर्जा | गोबिन्द बहादुर श्रेष्ठ | मोरङ्ग | केराबारी | २क | ५५१ | ०-१-१८.५ | ५४,७१,८२० | |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण:**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| गोबिन्द बहादुर श्रेष्ठ | केराबारी-०८ मोरङ्ग | १५५०३ | मोरङ्ग, २०५१/०८/२१, जिल्ला प्रसासन कार्यालय मोरङ्ग | बाबुः देब कुमार | बाजेः गज बहादुर |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| तारादेबी प्रधान | केराबारी-०८ मोरङ | १२३०१३/२० | मोरङ्ग, २०६३/११/०९, जिल्ला प्रसासन कार्यालय मोरङ | पतिः गोबिन्द बहादुर श्रेष्ठ बाबुः पदम नारायण प्रधान | ससुराः देब कुमार |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना ब्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सो मा व्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्र दातालेनै ब्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं।**



## पारिवारिक विवरण प्रमाणित सम्बन्धी सार्वजनिक सूचना

जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०८३/०८४, च.नं. १४२२, मिति २०८३/०६/०९ को सिफारिस सम्बन्धी निवेदनअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं १५ निवासी भारतीय सैनिक नं. JC 143779K SUB MAJ/CAPT राम बाबु थापाले तपसिल बमोजिमको पारिवारिक विवरण प्रमाणित गराई पाउँ भनी ना.प्रको छायाँकपी, भारतीय पेन्सनपट्टाको छायाँकपी र भरतपुर महानगरपालिका १५ नं वडा कार्यालयको च.नं. ११८२ मिति २०८३/०६/०८ को सिफारिस पत्र संलग्न राखि यस कार्यालयमा निवेदन दिनु भएको । तत् सम्बन्धमा संलग्न कागज प्रमाणको आधार तथा भरतपुर महानगरपालिका १५ नं. वडा कार्यालयको चं.न ११८२ मिति २०८३/०६/०८ को सिफारिस पत्रको आधारमा तपसिल बमोजिमको पारिवारिक विवरण भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।


निवेदकहरू

**तपसिल**

| क्र.सं. | व्यक्तिको नामथर | नाता | जन्ममिति | विवाह मिति | मृत्यु | अपाङ्गता | रोजगार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रामबाबु थापा | पेन्सनर/निवेदक | २०१०/०६/०१ | २०२८/०२/२३ | जिवित | नभएको | पेन्सनर | - |
| २ | मनु माया थापा | श्रीमती | २०१२/०७/०२ | २०२८/०२/२३ | जिवित | नभएको | नभएको | - |
| ३ | दिपक थापा | छोरा | २०४२/०१/१५ | २०६३/१०/२१ | जिवित | नभएको | नभएको | - |



# Shivasatakshi Municipality
## Office Of The Municipal Executive
**Byangdada, Jhapa**
**Koshi Province, Nepal**

## Notice For Amendment

**Date of Amendement : 2083/06/14 (30-Sep-2026)**
**Last Date of Bid Submission: 2083-07-11 ( 28-Oct-2026)**

It is to inform you all prospective bidders that following amendments have been made in Section III,. **2.4.2 a( i) Specific Construction Experience** of Bidding Documents.

| SN | CRITERIA | BEFORE AMENDMENT | AFTER AMENDMENT | REMARKS |
|---|---|---|---|---|
| 1 | **Min Experience in Similar Size & Nature (Nrs.)** | Nrs.3,32,00,000.00 | Nrs.2,32,00,000.00 | |

Procurement Name : **Construction of Blacktop at Nagar Ring Road ,Phase XIV,Shivasatakshi 01,02 & 04**
Contract ID No: SSM/NCB/WORKS/2083/084-03

**Chief Administrative Officer**



# Rampur Municipality
Office of the Municipal Executive
Rampur, Palpa

## Invitation for Bid/Sealed Quotation

Date of Publication: 2083-06-14(2026-09-30)

1. Rampur Municipality invites hard copy bids and sealed quotation from eligible bidders for the procurement of below mentioned Works.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents from Rampur Municipality Office during office hours.
3. The name and identification of the contract are as follows:

| Contract No. | Contract Name | Last date & time of Bid document Purchasing | Last date & time of Bid document Submission | Bid Opening date & time | Estimated Amount, NRs.(Including VAT ) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| RMO / WORK / NCB / 01/083/084 | Construction of Kaligandaki Trecking and Cycling Corridor at Rampur Section. | 2083/07/10 2026/10/27 5:00 hrs. | 2083/07/11 12:00 hrs. | 2083/07/11 14:00 hrs. | | 11,82,000.00 | 5000.00 |
| RMO / WORK /SQ / 02/083/084 | Construction of Gejha Health Post Building at Rampur 10. | 2083/06/28 2026/10/14 5:00 hrs. | 2083/06/29 12:00 hrs. | 2083/06/29 14:00 hrs. | 19,46,345.06 | 50,000.00 | 1000.00 |

4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bid/sealed quotation without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

राजनीतिप्रति बढ्दो युवा मोह

# कांग्रेसको संगठनमा ४४ हजारले पाए पद

**सौर्य समाचार**



काठमाडौँ । नेपाली कांग्रेसको १५औँ महाधिवेशनले पार्टीको संगठनमा युवाको उपस्थितिलाई ठुलो आकार दिएको छ । नयाँ विधानमा गरिएको अनिवार्य युवा प्रतिनिधित्वको व्यवस्थापछि ३५ वर्षमुनिका झन्डै ४४ हजार युवा पार्टीका विभिन्न तहमा निर्वाचित भएका छन् ।

कांग्रेस विधान मसौदा समिति सदस्यसचिव प्रताप पौडेलका अनुसार ६ हजार ७४३ वडाबाट क्षेत्रीय प्रतिनिधि र वडा सदस्यका रूपमा मात्रै ४३ हजार ९८६ युवा पदीय जिम्मेवारीमा पुगेका छन् । उनका अनुसार एउटै महाधिवेशन प्रक्रियाबाट यति ठुलो संख्यामा युवाले पार्टीमा औपचारिक जिम्मेवारी पाएको यो पहिलो घटना हो ।

नयाँ विधानले प्रत्येक वडाबाट ३५ वर्षमुनिका कम्तीमा ३ युवा क्षेत्रीय प्रतिनिधिका रूपमा निर्वाचित गर्नुपर्ने व्यवस्था गरेको छ । तीमध्ये कम्तीमा १ जना महिला हुनुपर्ने प्रावधान छ । क्रियाशील सदस्य संख्याका आधारमा भने एउटै वडाबाट बढीमा ७ जनासम्म युवा क्षेत्रीय प्रतिनिधि निर्वाचित हुन सक्ने व्यवस्था छ ।

न्यूनतम ३ जनाको हिसाब गर्दा ६ हजार ७४३ वडाबाट २० हजार २२९ युवा क्षेत्रीय प्रतिनिधि बन्ने आधार तयार हुन्छ । औसत ५ जनाका दरले गणना गर्दा यो संख्या ३३ हजार ७१५ पुग्ने पौडेलले बताए । यससँगै वडा कार्यसमितिमा पनि युवाको सहभागिता अनिवार्य गरिएको छ । गाउँपालिकाका प्रत्येक वडाबाट १ जना र नगरपालिकाका प्रत्येक वडाबाट २ जना ३५ वर्षमुनिका युवा वडा सदस्य निर्वाचित हुने व्यवस्था छ । देशभरका ३ हजार २१५ गाउँपालिका वडा र ३ हजार ५२८ नगरपालिका वडाबाट क्रमशः ३ हजार २१५ र ७ हजार ५६ जना युवा वडा सदस्य बन्नेछन् ।

क्षेत्रीय प्रतिनिधि र वडा सदस्यको संख्या जोड्दा ४३ हजार ९८६ युवा पार्टीको संगठनात्मक संरचनामा प्रत्यक्ष जिम्मेवारीमा पुगेका छन् । तर, पदमा पुग्ने युवाको संख्या यतिमै सीमित छैन । कांग्रेस केन्द्रीय निर्वाचन समितिका सदस्यसचिव अधिवक्ता राजु कटुवालका अनुसार यी पदमा निर्वाचित हुन कम्तीमा दोब्बर संख्यामा उम्मेदवारबीच प्रतिस्पर्धा भएकाले महाधिवेशन प्रक्रियामा झन्डै १ लाख युवाले उम्मेदवारी दिएका छन् ।

युवाको प्रतिनिधित्व वडा तहमा मात्रै रोकिएको छैन । निर्वाचित क्षेत्रीय प्रतिनिधिमध्येबाट गाउँपालिका तथा नगरपालिका कार्यसमितिमा कम्तीमा ३ जना, प्रदेश निर्वाचन क्षेत्रको कार्यसमितिमा १ जना, संघीय निर्वाचन क्षेत्रको कार्यसमितिमा २ जना तथा जिल्ला कार्यसमितिमा १ महिलासहित ३ जना चयन हुने व्यवस्था गरिएको छ ।

त्यस्तै, संघीय निर्वाचन क्षेत्रबाट कम्तीमा १ महिलासहित ३ जनाका दरले देशभर ४९५ जना केन्द्रीय महाधिवेशन प्रतिनिधि चयन हुनेछन् । प्रत्येक निर्वाचन क्षेत्रबाट १ जनाका दरले १६५ महासमिति सदस्य पनि चयन हुनेछन् । नयाँ संरचनाले प्रदेश र केन्द्रमा समेत युवा सहभागिता सुनिश्चित गरेको छ । प्रत्येक निर्वाचन क्षेत्रबाट १ महिलासहित २ जना प्रदेश प्रतिनिधि रहने व्यवस्था गरिएको छ भने सातै प्रदेशमा २ महिलासहित कम्तीमा ५ जना प्रदेश कार्यसमिति सदस्य रहनेछन् ।

केन्द्रीय कार्यसमितिमा पनि पहिलो पटक प्रत्येक प्रदेशबाट १ युवा र १ युवती गरी १४ जना युवा प्रवेश गर्ने व्यवस्था गरिएको छ । पौडेलका अनुसार पार्टीको नयाँ संगठनात्मक संरचनाले युवालाई केवल प्रतिनिधिका रूपमा सीमित नगरी निर्णय प्रक्रियासँग जोड्ने बाटो खोलेको छ । झन्डै १ लाख युवाले विभिन्न पदका लागि उम्मेदवारी दिएको र करिब ४४ हजारले प्रत्यक्ष पदीय जिम्मेवारी पाएको तथ्यले कांग्रेसको महाधिवेशन प्रक्रियामा युवाको सहभागिता उल्लेख्य रूपमा बढेको देखाएको उनको भनाइ छ ।

# भोटेकोसी बाढी प्रभावित प्रहरीका सन्तानलाई डिग्रीसम्म निःशुल्क शिक्षा

**सौर्य समाचार**

काठमाडौँ । भोटेकोसी बाढीका कारण प्रभावित प्रहरी कर्मचारीका परिवारलाई नेपाल प्रहरीले दीर्घकालीन राहत तथा पुनर्स्थापनाको प्याकेज उपलब्ध गराउने भएको छ । त्यसअन्तर्गत प्रभावित २८ जना प्रहरी कर्मचारीका सन्ततिलाई स्नातकोत्तर तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराइने भएको हो ।

नेपाल प्रहरी नीति निर्माण समितिको उच्चस्तरीय बैठकले बाढीबाट प्रभावित प्रहरी कर्मचारीका परिवारको अवस्था र उनीहरूलाई आवश्यक सहयोगबारे अध्ययन गर्दै शिक्षा, जीविकोपार्जन र रोजगारीलाई प्राथमिकतामा राखेर कार्यक्रम अघि बढाउने निर्णय गरेको छ । केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेका अनुसार बाढीबाट प्रभावित प्रहरी परिवारका बालबालिकाको शिक्षामा कुनै अवरोध नहोस् भन्ने उद्देश्यले स्नातकोत्तर तहसम्म निःशुल्क अध्ययनको व्यवस्था गर्न लागिएको हो । विपद्का कारण पारिवारिक तथा आर्थिक अवस्थामा परेको असरले बालबालिकाको शिक्षामा नकारात्मक प्रभाव नपरोस् भनेर दीर्घकालीन शैक्षिक सहयोगको नीति अघि सारिएको उनले जानकारी दिए ।

प्रहरीका अनुसार बाढीका कारण प्रभावित परिवारका सदस्यको तत्कालीन आवश्यकतासँगै दीर्घकालीन जीवनयापनलाई समेत सम्बोधन गर्ने गरी सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ । त्यसका लागि प्रत्येक परिवारको अवस्था र आवश्यकताका आधारमा सहयोगको स्वरूप निर्धारण गर्ने तयारी छ ।

बैठकले प्रभावित प्रहरी परिवारका अन्य सदस्यको जीविकोपार्जन तथा दीर्घकालीन पुनर्स्थापनाका लागि समेत विशेष ध्यान दिने निर्णय गरेको छ । परिवारका सदस्यलाई आत्मनिर्भर बनाउन आवश्यकताअनुसार सीपमूलक तथा व्यावसायिक तालिम उपलब्ध गराइनेछ । तालिमपछि उनीहरूको क्षमता र रुचिअनुसार रोजगारीको उचित व्यवस्था मिलाउने निर्णयसमेत गरिएको प्रवक्ता काफ्लेले बताए ।

यसबाट बाढीका कारण आयस्रोत तथा पारिवारिक जीवनमा परेको असरलाई दीर्घकालीन रूपमा न्यूनीकरण गर्ने प्रहरीको उद्देश्य छ । राहत वितरणमा मात्र सीमित नरही प्रभावित परिवारलाई शिक्षा, सीप र रोजगारीसँग जोडेर आत्मनिर्भर बनाउनेतर्फ प्रहरीको कार्यक्रम केन्द्रित हुने भएको छ ।

भोटेकोसी क्षेत्रमा आएको बाढीका बेला प्रहरी कर्मचारीहरू उद्धार, खोजी, सुरक्षा व्यवस्थापन तथा जोखिममा परेका नागरिकको संरक्षणमा परिचालित भएका थिए । विपद्को समयमा आफ्नो सुरक्षाको समेत पर्वाह नगरी नागरिकको उद्धार र सुरक्षामा खटिएका प्रहरी कर्मचारीको परिवारलाई संस्थागत रूपमा सहयोग गर्ने उद्देश्यले यस्तो निर्णय गरिएको नेपाल प्रहरीले जनाएको छ । प्रवक्ता काफ्लेका अनुसार जोखिमपूर्ण अवस्थामा समेत राष्ट्र र जनताको सुरक्षामा समर्पित प्रहरी कर्मचारीको त्याग र समर्पणको उच्च मूल्यांकन गर्दै प्रभावित परिवारका लागि विशेष व्यवस्था गरिएको हो ।

प्रहरी नेतृत्वले प्रभावित परिवारका बालबालिकाको शिक्षा निरन्तरता र परिवारको आर्थिक पुनर्स्थापनालाई सँगसँगै अघि बढाउने नीति लिएको छ । शिक्षा सहयोगले तत्कालीन आर्थिक भार कम गर्नुका साथै प्रभावित परिवारका सन्ततिलाई उच्च शिक्षासम्म पुग्ने अवसर सुनिश्चित गर्ने अपेक्षा गरिएको छ । त्यस्तै, सीपमूलक तथा व्यावसायिक तालिम र रोजगारीको व्यवस्थाले परिवारका वयस्क सदस्यलाई आयआर्जनसँग जोड्न सहयोग पुग्ने प्रहरीको विश्वास छ । यसबाट विपद्पछि परिवारको आर्थिक अवस्था पुनर्स्थापित गर्न तथा उनीहरूलाई दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउन मद्दत पुग्नेछ ।

नेपाल प्रहरीले प्रभावित २८ प्रहरी कर्मचारीका परिवारको विवरण र आवश्यकताका आधारमा शैक्षिक तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्ने तयारी गरेको छ । शिक्षा, सीप विकास र रोजगारीलाई एकीकृत रूपमा अघि बढाउने निर्णयलाई विपद्बाट प्रभावित प्रहरी परिवारको दीर्घकालीन संरक्षणतर्फको संस्थागत पहलका रूपमा हेरिएको छ ।

# प्रोत्साहन भत्तामा सबै शिक्षक-कर्मचारीलाई समेट्न माग




**सौर्य समाचार**

काठमाडौँ । सामुदायिक विद्यालयमा समान जिम्मेवारी निर्वाह गरिरहेका स्थायी तथा अस्थायी प्रकृतिका सबै शिक्षक-कर्मचारीलाई प्रोत्साहन भत्तामा समान रूपमा समेट्न नेपाल राष्ट्रिय शिक्षक संगठनले सरकारसँग माग गरेको छ । संगठनले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत शिक्षक तथा विद्यालय कर्मचारीका लागि व्यवस्था गरिएको प्रोत्साहन भत्ता सबै प्रकृतिका शिक्षक-कर्मचारीमा लागू गर्न आग्रह गरेको हो ।

अध्यक्ष हंसबहादुर शाही र महासचिव प्रकाश खनालद्वारा जारी विज्ञप्तिमा एउटै विद्यालय र कक्षाकोठामा समान शैक्षिक जिम्मेवारी निर्वाह गर्ने शिक्षक-कर्मचारीलाई सेवा-सुविधा तथा प्रोत्साहन भत्तामा फरक व्यवहार गर्न नहुने उल्लेख छ । संगठनले राहत, करार, साविक उच्च माध्यमिक, प्राविधिक धार, संघीय शिक्षण सिकाइ अनुदान, बालविकास, विद्यालय कर्मचारी, लेखा सहायक, विद्यालय नर्स तथा स्थानीय र प्रदेश अनुदानअन्तर्गत कार्यरत शिक्षक-कर्मचारीलाई समेत प्रोत्साहन भत्ताको दायरामा ल्याउन माग गरेको हो ।

विज्ञप्तिमा अस्थायी प्रकृतिका शिक्षक तथा कर्मचारीको सेवा निरन्तरता र सामाजिक सुरक्षालाई सुनिश्चित गर्नेगरी स्पष्ट तथा दीर्घकालीन नीति बनाउन पनि सरकारको ध्यानाकर्षण गराइएको छ । संगठनले लामो समयदेखि सेवा गरिरहेका शिक्षक तथा कर्मचारीलाई पटकपटक करार नवीकरण गर्नुपर्ने अवस्थाको अन्त्य गरी रोजगारीको स्थायित्व र पेसागत सम्मान सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ ।

# एआईदेखि चिकित्सा शिक्षासम्म : पूर्वाञ्चल विश्वविद्यालयले अघि बढायो नयाँ योजना

**सौर्य समाचार**



काठमाडौँ । पूर्वाञ्चल विश्वविद्यालयले उच्च शिक्षालाई प्रविधि र अनुसन्धानसँग जोड्दै कृत्रिम बुद्धिमत्ता (एआई), डाटा साइन्स, साइबर सेक्युरिटी तथा चिकित्सा शिक्षाका नयाँ कार्यक्रम विस्तार गर्ने भएको छ । विश्वविद्यालयले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि १ अर्ब ९९ करोड १६ लाख ९७ हजार रुपैयाँको बजेट स्वीकृत गर्दै शैक्षिक रूपान्तरणलाई प्रमुख प्राथमिकतामा राखेको हो । सिंहदरबारस्थित शिक्षा मन्त्रालयमा शिक्षा तथा खेलकुदमन्त्री एवं विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलको अध्यक्षतामा बसेको विश्वविद्यालयको ४३औँ सभाले रजिस्ट्रार प्रा.डा. पन्नाबहादुर थापाद्वारा प्रस्तुत नीति तथा कार्यक्रम र आय-व्यय विवरण सर्वसम्मतिले पारित गरेको हो ।

पारित कार्यक्रमअनुसार विश्वविद्यालयले एआई, डाटा साइन्स र साइबर सेक्युरिटीसहित प्रविधिका नयाँ क्षेत्रमा विशिष्टीकृत पाठ्यक्रम विकास गरी सञ्चालन गर्नेछ । चिकित्साशास्त्र र इन्जिनियरिङतर्फ पनि समयअनुकूल तथा आवश्यकतामा आधारित नयाँ पाठ्यक्रम तयार गर्ने योजना अघि सारिएको छ । विश्वविद्यालयले मोरङको गोठगाउँस्थित ८०५ बिघा जग्गामा गुरुयोजनाअनुसार एकीकृत भौतिक संरचना निर्माणलाई समेत प्राथमिकता दिएको छ । सोही परिसरमा निर्माणाधीन १०० शय्याको मातृ-शिशु अस्पताललाई आगामी वर्ष सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि कोसी अस्पतालसँगको सहकार्यलाई थप प्रभावकारी बनाउने विश्वविद्यालयको योजना छ । यससँगै विश्वविद्यालयका प्रशासनिक तथा शैक्षिक सेवाहरूलाई एउटै डिजिटल इकोसिस्टममा आबद्ध गरी सेवा प्रवाहलाई सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने नीति लिइएको छ ।

विश्वविद्यालयले जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणका विषयमा अनुसन्धान गर्न विशेष अनुसन्धान केन्द्र स्थापना गर्ने योजना पनि अघि सारेको छ । विदेशी विश्वविद्यालयसँग संयुक्त डिग्री तथा विद्यार्थी आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने र पछाडि परेका वर्गका विद्यार्थीका लागि समावेशी छात्रवृत्तिको पहुँच विस्तार गर्ने कार्यक्रमसमेत बजेटमा समेटिएको छ ।

सभालाई सम्बोधन गर्दै शिक्षामन्त्री पोखरेलले प्रविधिको तीव्र विकास र विश्वव्यापीकरणले सिर्जना गरेका चुनौती तथा अवसर अनुसार उच्च शिक्षाको स्वरूप परिवर्तन गर्नुपर्ने बताए । विश्वविद्यालयले विद्यार्थीलाई रोजगारी खोज्ने जनशक्तिमा मात्र सीमित नराखी रोजगारी सिर्जना गर्न सक्ने उद्यमशील जनशक्तिका रूपमा विकास गर्नुपर्ने उनको भनाइ थियो । पारित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना, जिम्मेवारी र समयसीमा निर्धारण गर्न पनि मन्त्री पोखरेलले निर्देशन दिए ।

शिक्षा मन्त्रालयका सचिव चुडामणि पौडेलले स्वीकृत बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै शैक्षिक प्रणाली सुधारमा केन्द्रित हुनुपर्ने बताए । अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्यायले विश्वविद्यालयको बजेट तथा नीति कार्यक्रम सकारात्मक रहेको धारणा राखे ।

सभाले विश्वविद्यालयको कार्यकारी परिषद्का लागि ३ वर्षका लागि ३ जनालाई मनोनयनसमेत गरेको छ । डीनबाट चिकित्साशास्त्र संकायकी डिन प्रा.डा. परिचा उपाध्याय ढुंगेल, कला, कानुन तथा शिक्षाशास्त्र संकायका डिन प्रा.डा. कृष्णप्रसाद पाण्डे तथा शिक्षकबाट स्कुल अफ म्यानेजमेन्ट, विराटनगरमा कार्यरत प्राध्यापक मोहनबहादुर बस्नेत मनोनीत भएको विश्वविद्यालयले जनाएको छ । विश्वविद्यालयका अनुसार स्वीकृत नीति, कार्यक्रम र बजेटले संस्थालाई गुणस्तरीय, प्रतिस्पर्धी, अनुसन्धानमुखी, प्रविधिमैत्री तथा आत्मनिर्भर विश्वविद्यालयका रूपमा विकास गर्ने आधार तय गरेको छ ।

# अपांगता पहिचानदेखि सामाजिक सुरक्षासम्म अब एउटै डिजिटल प्रणालीमा

**सौर्य समाचार**




काठमाडौँ । अपांगता भएका व्यक्तिको पहिचानदेखि तथ्यांक अभिलेख, परिचयपत्र जारी र सामाजिक सुरक्षाको पहुँचसम्मका सेवा अब एउटै डिजिटल प्रणालीबाट व्यवस्थापन गर्ने तयारी भएको छ । सरकारले अपांगता व्यवस्थापन सूचना प्रणाली (डिएमआइएस)लाई सामाजिक सूचना व्यवस्थापन प्रणाली (सिम्स)मा समायोजन गरी आफ्नो स्वामित्वमा लिएपछि यस्तो व्यवस्था कार्यान्वयनमा ल्याउन लागिएको हो । एकीकृत प्रणालीलाई देशभरका ७५३ स्थानीय तहमा विस्तार गर्ने सरकारको लक्ष्य छ ।

यसअघि अपांगता भएका व्यक्तिको विवरण व्यवस्थापन र सेवा पहुँचका लागि छुट्टै सञ्चालनमा रहेको डिएमआइएसलाई सिम्समा जोडिएपछि एउटै प्रणालीबाट अपांगता पहिचान, तथ्यांक संकलन, परिचयपत्र जारी तथा सामाजिक सुरक्षासम्बन्धी विवरण व्यवस्थापन गर्न सकिनेछ । यसले एउटै प्रकृतिका सूचना र सेवाका लागि दोहोरो प्रणाली प्रयोग गर्नुपर्ने अवस्था अन्त्य गर्ने अपेक्षा गरिएको छ । ललितपुरमा सोमबार आयोजित कार्यक्रममा महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव कृष्णबहादुर राउतले प्रणालीको स्वामित्व सरकारले लिएसँगै यसको संस्थागत कार्यान्वयनको नयाँ चरण सुरु भएको बताए ।

उनका अनुसार अबको प्राथमिकता प्रणालीलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा पुर्‍याउनु र त्यसको प्रयोग गर्न स्थानीय तहको प्राविधिक तथा संस्थागत क्षमता विकास गर्नु हो । मन्त्रालयका अनुसार पछिल्लो २ वर्षमा करिब १६० स्थानीय तहमा सिम्स सञ्चालनमा आइसकेको छ । सिम्समा सामाजिक सुरक्षा सेवा, शासन व्यवस्थासम्बन्धी सूचना तथा लाभग्राहीको विवरण व्यवस्थापनलगायत ११ वटा विषयगत खण्ड छन् । डिएमआइएसलाई यही प्रणालीमा समायोजन गरेपछि अपांगतासम्बन्धी विवरण पनि सामाजिक संरक्षणको समग्र सूचना प्रणालीसँग जोडिनेछ ।

यसअघि सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल (एसपिसिएसएन)ले अपांगता भएका व्यक्तिको पहिचान, अभिलेख व्यवस्थापन र सामाजिक सुरक्षामा पहुँच सहज बनाउने उद्देश्यले डिएमआइएस विकास गरेको थियो । युनिसेफ नेपालको सहयोगमा करिब ४० स्थानीय तहमा सञ्चालनमा रहेको उक्त प्रणालीलाई सिम्समा प्राविधिक रूपमा एकीकृत गरिएको हो ।

प्राविधिक परीक्षणका क्रममा नगरपालिकामा गरिएको प्रयोगले अपांगता पहिचान, तथ्यांक संकलन तथा परिचयपत्र जारी गर्ने प्रक्रिया सहज भएको देखाएको जनाइएको छ । एकीकृत प्रणालीले अपांगतासम्बन्धी तथ्यांकलाई व्यवस्थित र अद्यावधिक राख्नसमेत सहयोग गर्ने अपेक्षा गरिएको छ । युरोपेली संघको आर्थिक सहयोगमा सञ्चालित 'सशक्त महिला, समृद्ध नेपाल' कार्यक्रमअन्तर्गत युनिसेफसँगको साझेदारीमा एसपिसिएसएनले मन्त्रालयसँग सहकार्य गरी डिएमआइएसलाई सिम्समा समायोजन गरेको हो ।

सन् २०१२ देखि अपांगता भएका व्यक्तिको सामाजिक सुरक्षा र सेवामा पहुँचका विषयमा पैरवी गर्दै आएको एसपिसिएसएनले सरकार, युनिसेफ तथा अन्य सरोकारवालासँगको निरन्तर सहकार्यबाट प्रणाली हस्तान्तरण सम्भव भएको जनाएको छ । कार्यक्रममा मन्त्रालयका सहसचिव विपिन आचार्यले प्रभावकारी सेवा प्रवाहका लागि एकीकृत सूचना प्रणाली महत्वपूर्ण हुने बताए । एसपिसिएसएनका अध्यक्ष गोपाल थापामगरले सरकारी निकाय र नागरिक समाजबीचको सहकार्यले कामको दोहोरोपन हटाउँदै सामाजिक संरक्षणमा नागरिकको पहुँच बढाउन सक्ने बताए ।

युनिसेफ नेपालकी प्रतिनिधि एलिस अकुंगाले सामाजिक संरक्षणलाई बलियो बनाउन साझेदारीसँगै डिजिटल सेवामा सबैको पहुँच सुनिश्चित गर्नुपर्ने बताइन् । सञ्जालका पूर्वअध्यक्ष तिलोत्तम पौडेलले देशभर प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएपछि मात्र यसको वास्तविक उद्देश्य पूरा हुने उल्लेख गरे । समझदारीअनुसार एसपिसिएसएनले प्रणाली सञ्चालनका लागि १ वर्षसम्म सरकारलाई प्राविधिक सहयोग गर्नेछ । प्रणाली प्रयोगका क्रममा देखिने समस्या समाधान, प्रयोगकर्ताको सीप विकास तथा स्थानीय तहमा यसको विस्तारका लागि पनि सञ्जालले मन्त्रालयसँग सहकार्य गर्नेछ ।

# झापामा ५४ प्रतिशत नागरिकलाई जेईविरुद्धको खोप लगाइयो

**सौर्य समाचार**



झापा । जापानिज इन्सेफलाइटिस (जेई) विरुद्धको खोप अभियानअन्तर्गत झापामा २ लाख ७० हजार २४६ जनालाई खोप लगाइएको छ । यो लक्ष्यको ५४ प्रतिशत रहेको जिल्लास्थित स्वास्थ्य कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख बृजकुमार दासका अनुसार जिल्लाका १५ पालिकामध्ये मेचीनगर नगरपालिकामा सबैभन्दा बढी ४० हजार ३१३ जनालाई खोप लगाइसकिएको छ । स्थानीय स्वास्थ्य चौकी र सार्वजनिक स्थलमा दक्ष स्वास्थ्यकर्मीबाट खोप लगाइरहेको उनले बताए । यही असोज ५ गते मेचीनगर नगरपालिकाबाट सुरु गरिएको खोप अभियानमा ३० वर्षभन्दा माथिका नागरिक सहभागी छन् ।

खोप अभियानमा नगरपालिकाअन्तर्गत अर्जुनधारामा १८ हजार २९, कनकाईमा १७ हजार ९२८, शिवसताक्षीमा २० हजार ७६९, दमकमा ३५ हजार ६०५, गौरादहमा १९ हजार ६३६, बिर्तामोडमा २८ हजार ६८० र भद्रपुर नगरपालिकामा १० हजार २०५ जनालाई खोप लगाइसकिएको उनले जानकारी दिए ।

त्यसैगरी, कमल, झापा, गौरीगन्ज, बाह्रदशी, हल्दीबारी, कचनकवल र बुद्धशान्ति गाउँपालिकामा पनि जेईविरुद्धको खोप लगाइएको छ । जिल्लामा चालु आवमा १३ जनामा यो रोगको संक्रमण पुष्टि भइसकेको र तीमध्ये ७ जनाको मृत्यु भएको उनले बताए । कोसी प्रदेशमा झापाबाट खोप अभियानको सुरुआत गरिएको छ । जिल्लामा ५ लाख ७० हजार जनालाई खोप लगाउने लक्ष्य छ । खोप अभियानका लागि ५०० स्वास्थ्यकर्मी परिचालन गरिएको उनले जानकारी दिए ।

## सम्पादकीय

# 'लाइफलाइन'को सास्ती : नारायणीमा नयाँ पुल निर्माणको अनिश्चितता

ढिलै भए पनि नारायणगढ-बुटवल सडक विस्तारको काम अन्तिम चरणमा पुग्नु निश्चय नै खुसीको समाचार हो। तर यो खुसी क्षणिक मात्रै रहेछ भन्ने कुरा गत शनिबार नारायणी नदीको पुलमा खेलौना पानीजहाज अड्किएपछि पुष्टि भयो। पुल भाँचिने सम्भावनालाई मध्यनजर गर्दै स्थानीय प्रशासनले केही घण्टाका लागि सवारीसाधन आवागमनमा रोक लगायो। कम्तीमा ७० वर्षको आयु डिजाइन गरी ४५ वर्षअघि निर्माण सम्पन्न गरिएको नारायणी नदीको पुल जीर्ण भइसकेको पुष्टि सोही कालखण्ड तथा सोही प्रविधिद्वारा नारायणगढ-बुटवल सडक खण्डमा बनेका अन्य साना पुलहरू धमाधम भाँचिन थालेपछि भएको हो। २०७६ साउनमा अरुणखोला पुल तथा २०७७ सालमा चोरमारास्थित गिरुवारी खोलाको पुल भाँचिएका थिए। कम्तीमा ७० वर्षको आयु निर्धारण गरी बनाइएका पुलहरू ५० वर्ष पुग्दा नपुग्दै भाँचिनुमा निश्चय पनि निर्माणका क्रममा भएको लापरबाहीलगायत विभिन्न कारण हुन सक्छन्। तर ती कारणहरूको खोजीभन्दा पनि विकल्पमा बलिया पुलहरूको निर्माण मुख्य प्राथमिकता हो भन्ने कुरालाई ख्याल गर्दै सडक विस्तारसँगै सरकारले नयाँ पुलहरूको निर्माण पनि आरम्भ गर्‍यो। सडक विस्तार थालिएको ८ वर्षको अवधिमा यो खण्डका साना तथा मझौला खोलाहरूमा दर्जनौं पुल निर्माण सम्पन्न भई ढुक्कका साथ सवारीसाधन चल्न थाल्नु पक्कै पनि सन्तोषको विषय हो। तर सबैभन्दा महत्त्वपूर्ण मानिने नारायणी नदीको जीर्ण पुलको विकल्पमा प्रस्तावित नयाँ पुल निर्माणले भने फिटिक्कै गति लिन नसक्नु त्यति नै चिन्ताको विषय हो।

जबसम्म नारायणी नदीको जीर्ण पुलको विकल्पमा सुविधासम्पन्न राजमार्ग सुहाउँदो नयाँ पुल सञ्चालनमा आउँदैन, तबसम्म नारायणगढ-बुटवल सडक खण्ड विस्तारमा गरिएको अर्बौं रुपैयाँ लगानीले अपेक्षित प्रतिफल दिन सक्दैन। किनकि यो पुल भाँचिएको समाचार कुनै पनि क्षण आउन सक्छ। तर यसको विकल्पमा ३ वर्षभित्र सक्ने गरी तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा २०८० जेठमा शिलान्यास गरिएको नयाँ पुल निर्माणको काम हालसम्म १ प्रतिशतभन्दा कम सम्पन्न भएको छ। निर्माणको गति यही रहने हो भने आगामी ५० वर्षमा पनि यो पुल बन्दैन। यद्यपि २०८५ सालभित्र सम्पन्न गर्ने गरी निर्माणको कामलाई द्रुत गतिमा अघि बढाइएको सडक विभागको भनाइले केही न केही आशा जगाएको छ। लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई सडक यातायातको माध्यमबाट राजधानी काठमाडौंलगायत मुलुकका अन्य भूभागलाई जोड्नका लागि यो पुल करिब-करिब निर्विकल्प हो भन्दा फरक पर्दैन। यसरी मुलुककै लाइफलाइन मानिने, आमनेपालीको मुख्य चासो रहेको अति महत्त्वपूर्ण पुल निर्माणमा त यस्तो हालत छ भने अन्य विकास आयोजनाको हालत कस्तो होला ? भन्ने प्रश्नको उत्तर आफैंमा कहालीलाग्दो छ।

वास्तवमा जीर्ण पुलको विकल्पमा नारायणी नदीमा छिटोभन्दा छिटो नयाँ पुल निर्माणको आवश्यकता राष्ट्रिय दृष्टिकोणले जति टड्कारो देखिन्छ, स्थानीय आवश्यकताको दृष्टिले पनि त्यति नै महत्त्वपूर्ण छ। किनकि राप्ती उपत्यका भनेर चिनिने चितवन-नवलपुर क्षेत्र मुलुककै मुख्य आर्थिक केन्द्रका रूपमा विकास हुने प्रबल सम्भावना बोकेको ठाउँ हो। तर उपत्यकाको बीचभागबाट बग्ने विशाल नारायणी नदीका कारण यो सम्भावनाले मूर्तरूप लिन सकिरहेको छैन। थप २-३ वटा पुलहरू निर्माण गरेर बुटवल समेतका यी क्षेत्रलाई एकआपसमा जोडेर मुलुककै वैकल्पिक राजधानीका रूपमा विकास गर्ने नारा अघि सार्दै केही वर्ष चितवनबाट माओवादीले एकलौटी भोट बटुल्यो। तर काम गरेन। अहिले फेरि यस्तै एजेन्डा अघि सारेर रास्वपाले पनि चितवनबाट एकलौटी रूपमा भोट बटुलिरहेको छ, तर नारायणी नदीमा थप पुलहरू निर्माण गर्नुपर्ने आवश्यकतालाई सरकारले ल्याएको बजेटले पनि समेट्न सकेको देखिँदैन। निर्विकल्प आवश्यकताका रूपमा रहेको त्यही एउटा पुल निर्माणले त गति लिन नसकिरहेको अवस्थामा केही वर्षभित्रै थप पुलहरू निर्माण होलान् भन्ने आशा गर्नु भनेको यतिबेलाका लागि वीरबलको खिचडी जस्तै हो। ३ वर्षभित्र सक्ने लक्ष्यका साथ थालिएको १२० किलोमिटर लामो नारायणगढ-बुटवल सडक खण्ड विस्तारको काम एक दशक पुग्नै लाग्दा मुख्य विचारणीय पक्ष के हो भने, जबसम्म नारायणी नदीको जीर्ण पुलको विकल्पमा अर्को नयाँ पुल बन्दैन, तबसम्म नारायणगढ-बुटवल सडक खण्ड विस्तारको काम सम्पन्न भएको मानिँदैन।

# दोष नेतृत्वलाई भिराउँदै कांग्रेस फुटाउने चाल



**बद्रिनरसिंह के.सी.**
(केसी राष्ट्रवादीधारमा कलम चलाउने लेखक हुन्)

> 'सुध्रिएको कांग्रेस' मा स्थापनादेखिका आधारभूत सिद्धान्त, नीति र मान्यताहरूमा कोर्स-करेक्सन गर्दा राजसंस्थाप्रतिको दृष्टिकोणमा पनि पुनर्विचार हुनुपर्ने जनभावनालाई सम्बोधन गर्न जरुरी छ

नेपाली कांग्रेस भित्र दलीय संस्कार वा संगठनात्मक चरित्रको पूरै विध्वंश भइरहेको थियो। तत्कालीन सभापति शेरबहादुर देउवाले 'सिंहदरबारको प्राप्ति' को अन्धो-लोभमा आफ्ना पार्टीलाई शौचालय नै बनाइरहेका थिए। यसमा पनि नेपाली कांग्रेस को दुर्दशा झन् भयावह अवस्थामा थियो। आज नेपाली कांग्रेस को नाममा समानान्तर गतिविधि गरिरहेको उनकै समूहबाट आतुरताका जेजस्ता परिदृश्यहरू मञ्चन भइरहेका छन्, राष्ट्रिय राजनीतिमा त्यसले महत्त्वपूर्ण आकार र प्रभाव नपाएकोले विरोधाभास र हास्यास्पद भइरहेको देखिन्छ।

विगतमा गणेशमानजीको सहयोगमा कांग्रेसका नेता जगन्नाथ आचार्यले पनि अलग्गै तर उस्तैउस्तै नामको 'जन-कांग्रेस' बनाउनुभएको पुरानो प्रसंगलाई छाडेर २०५९ सालपछि दोस्रोपटक यसपालि, पार्टी फुटाउनेसम्मका गतिविधिमा अहोरात्र लागिपरेको देउवा समूहको बारेमा केही भन्नुपर्दा विरोध गरेको स्वतः अर्थ लाग्न जाला। सो समूहमा पूर्णबहादुर खड्काजस्ता छवि नधमिलिएका र विवादमा नपरेका कतिपय नेताहरूलाई एउटै घानमा हालेर हेर्नु अन्याय हुनसक्ने बारे हेक्का र सावधानी अपनाएर विश्लेषण गर्दा पनि विरोधाभास र अवाञ्छित चहलपहललाई उपेक्षा गर्न मिल्दैन। कांग्रेस पार्टीको १५औं महाधिवेशन आउन अब मात्र केही दिन बाँकी रहेको अवस्थामा समूहगत एकताको सम्भावना सकिएको छ, यद्यपि पार्टीमा फर्किन चाहनेका लागि ढोका बन्द पनि छैन।

पार्टी विधानबाट मान्यता र कार्यकर्ताहरूको आधिकारिक म्यान्डेट पाएको नेपाली कांग्रेसले निर्धारित मितिमा १५औं महाधिवेशन गर्ने दृढअठोटका साथ कार्यतालिका सार्वजनिक गरेपछि त्यो समूहले पनि आगामी मंसिरमा समानान्तर १५औं महाधिवेशन गर्ने प्रतिक्रियावादी कार्यतालिका प्रकाशित गरी जिल्ला-जिल्लामा प्रतिनिधिहरूलाई खटायो। तर खटाइएका प्रतिनिधिहरू 'रुख र चारतारे झन्डा जहाँ छ कांग्रेस त्यही हो र हामी त्यहीं हुनुपर्छ' भन्ने व्यहोराका वक्तव्य दिएर गुट-नेतृत्वको अवज्ञा गरिरहेका छन्।

आफ्नो शक्ति र हैसियत हरतरहले पुनःस्थापना गर्न आफू पार्टी फुटाउने तर त्यसको दोष नेपाली कांग्रेस को नेतृत्वलाई भिराइदिने खेल नै विवादित भूमिकाको मूख्य काम भइरहेको छ भने फुटवादी पक्षलाई हास्यास्पद बनाएको छ। यसअघि कांग्रेस केन्द्रीय कार्यालयमा सामुहिक धर्ना र अनशन गरी ६० र ४० अनुपातको साँध र भेदका साथ भागबण्डाको प्रथा हालको विभाजनकारी पक्षबाटै सुरु भएको थियो।

पार्टीभित्र विधान विपरीत भागबण्डा तर पार्टी बाहिर सिद्धान्तहीन सत्ता गठबन्धन गर्न उद्यत रहने सारथीहरूबाट आज 'विभाजनको रथ' घिसार्ने कार्य भइरहेको हो। तर दिनहरू बित्दै जाँदा फुटको पक्षमा लागेका कैयौं महत्त्वपूर्ण कांग्रेस नेता तथा कार्यकर्ताहरू वैधानिक कांग्रेसमा फर्किरहेका छन्। कांग्रेसको संगठनात्मक जगदेखि नै नवयुवा पुस्ताको सहभागितामा देखिएको लहर १५औं महाधिवेशनको ऐतिहासिक विशेषता बन्न गयो।

यसबीच भोटेकोसीमा आएको अभूतपूर्व बाढी र सर्वनाशप्रति देश-विदेशका संघ-संस्था र व्यक्तिहरूले उदारतापूर्वक यो राष्ट्रिय विपत्तीबाट देश र जनतालाई मुक्ति दिलाउने निःस्वार्थ सहयोगका हात बढाइरहेका छन्। तर पार्टी फुटाउन युद्धस्तरमा लागिरहेको उक्त समूहबाट सहयोग वा भूमिकाका लागि वास्ता गर्नु त कताकता, न्यूनतम संवेदनशीलता पनि प्रदर्शित नगर्नु खेदजनक र बिडम्बनापूर्ण भएको छ।

त्यसकारण जनताको बुझाइमा 'रुख कांग्रेस र ऐँजेरु कांग्रेस' को रूपमा देखापरेको परिदृश्यप्रति फुट समूहले होसियारी देखाउनुपर्ने हो। तर लामो समयसम्म सत्तामा रजगज गरेका व्यक्तिहरूकै फुट-समूहमा हालिमुहाली भएकोले पार्टी फुटलाई जनस्तरमा सहज र स्वाभाविक रूपमा लिएको देखिन्न। विगतमा पार्टी चोइटिएर वा माथिदेखि तलैसम्म चिरा परेर जनतामा गएका कुनै पार्टीले पनि जनादेश पाएनन्।

गतसाल पुसको अन्त्यमा सम्पन्न कांग्रेसको दोस्रो ऐतिहासिक विशेष महाधिवेशन यता, उक्त पक्षलाई महाधिवेशनको परिणाम पचाउन नसकेको छटपटीले अनौठो विरोधाभासको रूपमा प्रस्तुत गरिरहेको देखिन्छ। कांग्रेसको विधानमा स्पष्ट व्यवस्था भएको विशेष महाधिवेशन प्रक्रिया पुर्‍याएर सम्पन्न गरेको, निर्वाचन आयोगले विधिवत ठहर गरे पनि आयोगलाई चुनौती दिँदै 'आयोगको निर्णयलाई हामी मान्दैनौं' भन्ने दुष्प्रचार मच्चाएर हिजोको कांग्रेस नेतृत्व कस्तो चरित्रको हातमा रहेछ भन्ने जगजाहेर भइरहेको छ।

विशेष महाधिवेशनलाई कुनै पनि हालतमा मान्यता नदिने अडान लिएका डा.शेखर कोइराला, बिमलेन्द्र निधि, प्रकाशशरण महत, एन.पी. साउद लगायतका एक हुल नेताहरू विशेष महाधिवेशनबाट निर्वाचित कांग्रेस सभापति गगन थापाको हस्ताक्षरबाट गत फागुन २१ को संसदीय निर्वाचनमा उम्मेदवार भए। तर निर्वाचन परिणाम आफ्नो पक्षमा नभएपछि टिकट दिएको नेतृत्वलाई नमान्ने भनेर साविककै गुटमा सामेल हुनपुगेको आचरण कुनै पनि अर्थमा इमानदारी होइन, राजनीतिक बेइमानी मानिन्छ।

पार्टी एकताका लागि भनी ८ बुँदे माग प्रस्तुत गरियो। कांग्रेसले सबैजसो मागहरूलाई सम्बोधन गरिदियो। कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले पार्टी एकता कायम राख्न महत्त्वपूर्ण निर्णय लिँदै 'देउवा पक्ष'का छुटेका सबै नेताहरूलाई वर्तमान केन्द्रीय कार्यसमितिमा स्वतः समेटेर महाधिवेशन आयोजक समितिमा सहभागी गराउन तयार पनि भयो। तैपनि विभाजित समूहबाट दुवै महाधिवेशन स्थगित गरी व्यक्तिविशेषको तुष्टिको लागि पहल गर्नुपर्छ भन्ने नयाँ माग थपियो।

विशेष महाधिवेशनले दिएको नेतृत्वलाई नमान्ने भन्नेहरूले नै अमान्य नेतृत्व समक्ष १११ जनालाई पार्टीको केन्द्रीय समितिमा व्यवस्थापन गरिएमा नेतृत्व मान्ने नारा लगाइयो। यसको अर्थ उनीहरूको व्यक्तिगत व्यवस्थापन मिलाइदिएमा नमानिएको नेतृत्वलाई मान्ने कार्यकर्ता र जनताको भावनाको बर्खिलाप हुनेसम्मको चरम स्वार्थी र आत्मकेन्द्रित मानसिकता प्रकट भएको छ।

आसन्न महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्ने जिम्मेवारीले कांग्रेसको नेतृत्वलाई अब दायाँबायाँ हेर्ने र मोलाहिजाको नजरशर्मी व्यवहार अपनाउने छुट छैन। बरु विगतमा सिद्धाहीनता र विधान विपरीतका गतिविधिकै सिलसिलामा कांग्रेसलाई राजतन्त्र निरपेक्ष संरचनामा लैजाने जबरजस्तीले गर्दा कांग्रेसमा गणतन्त्ररूपी विषवृक्ष रोप्ने काम भयो। तर गणतन्त्रबाट कांग्रेसलाई पटक्कै मलजल नलागेको र उल्टै कमजोर हुँदै गयो।

कांग्रेसको यति ठुलो सैद्धान्तिक पतन र वैचारिक तथा सांस्कृतिक मृत्यु भई प्राविधिक कांग्रेस मात्र अस्तित्वमा रह्यो। त्यसपछिको कांग्रेस गणतन्त्रको नाममा माओवादी र एमालेजस्ता पार्टीसँग पालैपालो वैशाखी सहारा माग्नुपर्ने हालतमा पुग्यो। पार्टीको लामो इतिहासमा यति गम्भीर नैतिक विचलन र अधोगति कांग्रेसले कहिल्यै भोगेको पाइँदैन। कांग्रेसले गणतन्त्रको बाटो लिने निर्णय गरेपछि संस्थापक नेता कृष्णप्रसाद भट्टराई (किसुनजी) लाई सुनाउन उनको निवासमा गएका रामचन्द्र पौडेललाई प्रदीप गिरि, दुर्गा सुवेदीलगायतका महत्त्वपूर्ण कांग्रेस व्यक्तित्वकै अगाडि किसुनजीले आक्रोशित हुँदै रामचन्द्रजीको मुखैमा दुवै हत्केलाले लोप्पा खुवाएर आक्रोश पोखेको घटना देखिजान्नेहरूले बताइरहेका छन्।

कांग्रेसको क्रियाशील सदस्यता वितरणदेखि नै पार्टीको संरचनागत पुनर्गठनलाई हेर्दा सुधारका प्रयासहरू सन्तोषजनक छन्। त्यसैको परिसूचक बनेर कांग्रेसमा कोर्स करेक्सनको गतिशीलताकै कारण पार्टी सभापति थापाप्रति जनभरोसा र जनसमर्थन दिन दुईगुना रात चौगुनाको दरले बढिरहेको छ। नवयुवा पुस्ताको सहभागिता झन् आकर्षक बनिरहेको छ।

सभापति थापाले नवयुवापुस्ताको सहभागिताबारे विगतमा जुन जोड दिनुभएको थियो, त्यो उहाँकै नेतृत्वमा सार्थक हुनपुग्यो। अहिले नै भन्न नसकिएला, यो अभुतपूर्व सहभागितालाई उहाँहरूले कसरी व्यवस्थित र गतिशील बनाउनु हुने हो। त्यसको प्रतिक्रियास्वरूप पार्टी विभाजनमा लागेकाहरूबाट सभापति थापा र नेतृत्वपंक्तिमाथि गाली-गलौजका शब्द र नाना थरिका हास्यास्पद प्रचार गरेर आफ्नो हतास र औडाहा पोखिरहेका छन्।

कांग्रेस सभापति थापामाथि जिम्मेवारीको भारी पनि जनसमर्थन सँगसँगै बढिरहेको छ। 'सुध्रिएको कांग्रेस' मा स्थापनादेखिका आधारभूत सिद्धान्त, नीति र मान्यताहरूमा कोर्स-करेक्सन गर्दा राजसंस्थाप्रतिको दृष्टिकोणमा पनि पुनर्विचार हुनुपर्ने जनभावनालाई सम्बोधन जरुरी भइसकेको धरातलीय वास्तविकता, जनअपेक्षा र लोकमनोविज्ञान जाँचीहेर्दा पनि जाहेर हुन्छ। यसै पनि कांग्रेसको मतदाता र कार्यकर्ता पंक्तिको भावनालाई ध्यान दिने हो भने वर्तमान गणतन्त्रप्रति सबैजसो उक्ताइसकेका र गणतन्त्रबाट मुक्ति चाहनेहरूको बाहुल्य रहेको छ। राजसंस्थाबारे कांग्रेस को जति मात्रामा नभए पनि एमालेभित्र समेत यही वैचारिक अवस्था सशक्त रूपमा छ।

गतसाल जेनजी आन्दोलनपछि राजसंस्था फर्किन सक्ने एकदमै सशक्त सम्भावना हुँदाहुँदै स्वयं राजा ज्ञानेन्द्रले 'राजनीतिक दलहरूको सहमतिबिना राजसंस्था पुनःस्थापना गर्नु स्थायी र दीर्घकालीन नहुने हुँदा दलहरूकै सम्मतिअनुरूप जाऔं' भन्नुभएर दलहरूमाथि सकारात्मक धारणा र गम्भीर भरोसा राख्नुभएको वास्तविकतालाई दलहरूबाट न्यायोचित कदर नहुनु दलहरूकै औचित्यमाथि प्रश्न उठ्दछ।

महाधिवेशनबाट निर्वाचित भईआउने नेतृत्वले राजसंस्थाको सवालमा सुधारजन्य निर्णय लिनु आवश्यक छ। अब राजसंस्था पक्षधर जनाधार र जनशक्ति एकदमै प्रबल र निर्णायक भइरहेको छ। यसलाई कांग्रेसले कसरी आफूसँग जोड्नसक्छ, त्यसैमा नेतृत्वको कुशलता र कांग्रेसको भविष्य गाँसिएको छ।

नयाँ केन्द्रीय नेतृत्व निर्वाचित गरी महाधिवेशन सकिएपछि नेतृत्वको अग्निपरीक्षा सुरु हुन्छ। वर्तमानमा देखिएको उत्साहलाई निरन्तरता दिइरहन सक्यो भने पहिलेको नेतृत्वकै कारण ओइलाएर बसेको असन्तुष्ट जनाधारमा नयाँ आसा र प्राण सञ्चार हुनेछ। गल्ती गर्ने, बहानाबाजी गरेर उम्किने, साविक नेतृत्वकै ऐतिहासिक भूललाई निरन्तरता दिने वा असफल हुने छुट अबको नेतृत्वलाई रहने छैन।

# कालो इतिहास रच्दै नेपाली कांग्रेसको १५औं महाधिवेशन



**श्रीमन नारायण**
(नारायण राजनीति तथा अन्तर्राष्ट्रिय मामिलासम्बन्धी लेखक हुन्)

संस्थापन पक्ष र इतर पक्षले अलग अलग रूपमा १५औं महाधिवेशनको सुरुआत गरेसँगै देशको सबैभन्दा पुरानो लोकतन्त्रवादी पार्टी नेपाली कांग्रेस विभाजनको संघारमा उभिएको छ। महाधिवेशन भनेको पार्टीका लागि उत्सव हो। दुर्भाग्यबस नेपाली कांग्रेसको १५औं महाधिवेशनले पार्टी विभाजनलाई औपचारिकता दिँदै छ।

गत पुसमा सम्पन्न विशेष महाधिवेशनद्वारा बनेका सभापति गगन कुमार थापा पक्षले आफ्नो नेतृत्वलाई वैधानिकता प्रदान गर्न यसै साता पार्टीको महाधिवेशन गर्दै छन्।

निर्वाचन आयोग र सर्वोच्च अदालतबाटसमेत पार्टी र पार्टीको नेतृत्वमाथि नियन्त्रण गर्न सफल थापालाई अहिले अधिकांश पार्टी पंक्तिको समर्थन छ। नेपाली कांग्रेसको तर्फबाट निर्वाचित जति पनि संघीय तथा प्रदेश सांसद छन्, स्थानीय निकायका जनप्रतिनिधि छन् उनीहरू देशको कानुनतः थापा पक्षमा लाग्न वाध्य छन्। गगन पक्षमा नलागे उनीहरूको पद जान्छ। त्यसैले बलेको आगो ताप्ने कांग्रेसका नेता र कार्यकर्ताहरूको समर्थन पनि उनलाई प्राप्त हुनु स्वाभाविकै हो।

सर्वोच्च अदालतको अन्तिम फैसला नआउन्जेल नेपाली कांग्रेसका चारतारे झन्डा र रुख चुनाव चिन्हको प्रयोग गर्ने अधिकार थापा नेतृत्वको कार्यसमितिलाई नै छ। तर पुस्तौंदेखि नेपाली कांग्रेसलाई जोगाइराख्न तन, मन र धनले सहयोग गरेका, निर्वासनमा वर्षौंसम्म जीवन बिताएका, लामो समयसम्म जेलमा बसेकाहरू आफ्ना पुर्खाको त्याग बलिदान र समर्पणले खडा गरेको पार्टीको नेतृत्व कुनै युवाले गरोस् भन्ने कुरालाई सहज र सहर्ष रूपमा लिन सकिरहेका छैनन्।

पार्टीको इतरपक्षले २ महिनापछि मंसिरको अन्त्यतिर सम्पन्न गर्ने गरी १५औं महाधिवेशन प्रक्रिया अघि बढाएको छ। २ विपरीत सोचका नेताहरूबीचको वैचारिक मतभेद र कटूता यदि हदसम्म बढिसकेको छ कि पार्टी विभाजन अवश्यभावी छ। जब वैचारिक मतभेद र आपसी व्यवहारले एउटा खास सिमानालाई नाघिसकेको हुन्छ, यस्तोमा छुट्टै बस्नु नै राम्रो हुन्छ।

विभाजित मानसिकताका साथ एउटै संगठनमा बसेपछि निरन्तर रूपमा मनोमालिन्यता, कटूता, विद्वेष र एकले अर्कालाई अहित गर्ने मानसिकता हावी भएको हुन्छ, यस्तोमा नतिजा सकारात्मक होइन, नकारात्मक नै हुन्छ, एकअर्कामाथि दोषारोपणको अवस्था हुन्छ। फुटिसकेको सिसालाई, च्यातिएको लुगालाई र फाटेको मनलाई जतिसुकै नौलो रूप दिन खोजिए पनि अथवा यथास्थितिमा ल्याउन खोजिए पनि त्यो सम्भव हुँदैन। एउटा राजनीतिक दलको हकमा पनि यही नियम लागू हुन्छ। एकपटक विभाजित भइसकेको राजनीतिक दल पुनः विभाजित हुने सम्भावना कायमै रहन्छ, देशका वामपन्थी राजनीतिक दलहरू र मधेसी दलहरू यसका उदाहरण छन्।

नेपाली कांग्रेस इतर पक्षले पनि आफू निर्णायक अवस्थामा रहेको बेला समयअनुसार पार्टीको नेतृत्वमा परिवर्तन ल्याएको भए, सरकारको नेतृत्व पनि पटकपटक एउटै व्यक्तिलाई नदिएको भए विद्रोहको यस्तो अवस्था आउने थिएन। पार्टी सभापति र प्रधानमन्त्रीको पद एउटै व्यक्तिले आफ्नो हातमा राख्ने मानसिकता पार्टी एकतामा बाधक सावित हुन्छ। पार्टी सत्तामा हुँदा पार्टी नेता र कार्यकर्ताहरूसँगको स्वाभाविक एवं निरन्तर संवाद संभव भइरहेको हुँदैन।

पार्टी नेतृत्व आफ्ना केही सीमित वफादारहरूको सुझाव र सल्लाह मान्न बाध्य हुन्छन्, यस्तोमा नेतृत्व तानाशाह बन्ने सम्भावना बढी हुन्छ। आफ्नो सुझाव, सल्लाह र गुनासोलाई पार्टी नेतृत्वसमक्ष राख्न नपाउने नेता र कार्यकर्ताहरूमा पार्टी नेतृत्वप्रति असन्तोष बढ्न जान्छ र कालान्तरमा गएर यो पनि पार्टी विभाजनको कारक तत्त्व बन्न पुग्छ।

शेरबहादुर देउवा पटकपटक प्रधानमन्त्री बने, पार्टी नेतृत्वमा पनि रहे जबकी पार्टी नेतृत्वका हकदार अथवा अंशियार त प्रकाशमान सिंह पनि थिए, तर उनलाई नेतृत्वमा ल्याइएन। प्रधानमन्त्री अथवा पार्टी अध्यक्ष मध्ये एउटा पद उनलाई दिनु पर्दथ्यो। तीन दशक लामो पञ्चायती व्यवस्थालाई हटाउन नेपाली कांग्रेस मात्रै होइन, नेपालका कम्युनिस्टहरूले पनि गणेशमान सिंहकै राजनीतिक उचाइको कदर गरी उनको नेतृत्वमा आन्दोलनमा जान सहमत भएका थिए।

आन्दोलन सफल पनि भयो, ऐतिहासिक जनआन्दोलनको सफलतापश्चात त तत्कालीन राजा श्री ५ वीरेन्द्रले गणेशमान सिंहलाई नै अन्तरिम सरकारको नेतृत्व गर्न आग्रह गरेका थिए तर गणेशमान सिंहले तीन दशक पश्चात् आफ्नो हातमा आउन लागेको सत्ता र सत्ताको नेतृत्वलाई खुसी खुसी अस्वीकार गरेका थिए। नेपालको राजनीतिमा यस्तो त्याग गर्नेहरू बिरलै पाइन्छ।

प्रकाशमान सिंह विगत साढे दुई दशकदेखि बिनाकुनै सर्त देउवाको नेतृत्वलाई समर्थन गर्दै आएका छन्। वर्तमानको संकटको घडीमा देउवालाई सहयोग गर्ने एउटा प्रमुख नेता उहाँ पनि हुनुहुन्छ। आशा गरौं नेपाली कांग्रेसको मंसिरमा हुने महाधिवेशनमा उनले राम्रो जिम्मेवारी पाउनेछन्।

देउवाका एक अनन्य सहयोगी मधेस प्रदेसका विमलेन्द्र निधि पनि हुन्। उनका पिता महेन्द्र नारायण निधि पनि नेपाली कांग्रेसका अति नै सम्मानित नेता थिए। २०५१ सालको असारमा तात्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभालाई विघटन गरी मध्यावधि निर्वाचनको सिफारिस गर्दा नेपाली कांग्रेसको एउटा समूहले महेन्द्रनारायण निधिलाई प्रधानमन्त्री बनाउने प्रयास पनि गरेका थिए। निधिको पारिवारिक इतिहास पनि नेपाली कांग्रेसको निम्ति धेरै थोक गुमाएको र संघर्ष गरेको इतिहास छ। अहिले उनी पनि देउवा समूहतिर नै छन्।

नेपाली कांग्रेसका संस्थापक नेता मध्येका एक सबै कांग्रेसजनका आस्थाका शिखर पुरुष बि.पी. कोइरालाका सुपुत्र डा.शशांक कोइराला पनि देउवातिर नै छन्। डा.कोइरालाले पटकपटक देशमा सनातन हिन्दु धर्मसापेक्ष राष्ट्रको पक्षमा आफ्नो धारणा राख्दै आएका छन्। धर्मको सवालमा नेपाली कांग्रेस केही पनि बालेको छैन, न त केही बोल्ने नै छ तर आफ्ना नेता कार्यकर्ताहरूलाई अन्योलमा अवश्य पनि राख्नेछ।

नेपाली कांग्रेस समाजवादी विचारधारा माथि विश्वास राख्ने दल हो। समाजवादी विचारधारा पनि 'सेन्टर टु लेफ्ट' नै हो। यसलाई कम्युनिस्टकै नजिक बुझ्नुपर्छ। पटकपटक नेपाली कांग्रेस देशका कम्युनिस्टहरूको नजिक तानिँदै जानु अथवा आकर्षित हुँदै जानुको एउटा प्रमुख कारण यो पार्टी 'सेन्टर टु लेफ्ट' हुनु नै हो।

कतिपयले नेपाली कांग्रेसलाई अर्द्धवाम चरित्र बोकेको पार्टी बताउँदै आएका छन्। नेपालका कम्युनिस्टहरूलाई पनि अर्द्धलोकतन्त्रको चरित्र बोकेको पार्टी भन्ने गरिन्छ। नेपालमा कम्युनिस्ट र कांग्रेसबीचको सम्बन्धलाई कतिपयले चिनी र पानी मिलेर बनेको सर्बत मानिरहेका छन् जबकी कतिपय व्यक्ति नुन र चिनी घुलेर बनेको सर्बतको संज्ञा दिइरहेका छन्। शेखर कोइराला खुलेर कतै पनि लागेका छैनन्। दुवैतिर विवाद बढदै जाँदा आफ्नो नाममा सहमति बन्ला कि भन्ने सपना देखिरहेका छन् तर न त थापा र न त देउवाले नै उनको नाममा सहमति जनाउनेछन्।

स्थानीय चुनाव फागुन महिनामा हुने निश्चित त्यस्तै छ। असोज र कात्तिकमा चुनावी सक्रियता बढने संभावना पनि कमै देखिन्छ। पुस र माघमा जाडोको प्रकोप बढी हुन्छ, यस्तोमा जनसम्पर्क व्यापक रूपमा हुन सक्ने छैन। मंसिर मध्यतिर देउवा समूहको महाधिवेशन हुने निश्चित छ। नेपाली कांग्रेसका कार्यकर्ताहरूको पहिलो रोजाइ निश्चय पनि चारतारे झन्डा र रुख चुनाव चिन्ह हुनेछ।

चारतारे झन्डाको प्रयोग त स्थानीय चुनावमा दुवै दलले गर्नेछन्। तर चुनाव चिन्ह रुख भने सर्वोच्च अदालतले जसलाई आधिकारिकता दियो उसैले पाउने छ। अहिलेसम्म रुख विशेष महाधिवेशन पक्षको छ। विगतको फैसलालाई नै अदालतले निरन्तरता दियो भने निःसन्देह थापा समूहले मूलधारका रूपमा रुखको उपभोग गर्ने छन्। तर थापा समूहमा टिकट नपाउने महत्त्वाकांक्षीहरू स्वतः देउवा समूहतिर लाग्नेछन्।

त्यसैले नेपाली कांग्रेसमा विभाजन हुने निश्चित नै छ अब यसलाई रोक्न सकिने आधार देखिँदैन। आमनिर्वाचन २०८२ मा पार्टीको चुनावी इतिहासकै सबैभन्दा ठुलो पराजय भोग्न बाध्य भएको नेपाली कांग्रेस अहिले पनि सप्रिने छाँटकाँट देखिँदैन। विभाजित भएर नेपाली कांग्रेस यदि चुनावमा गयो भने दुवै पक्षले ठुलो पराजय भोग्नुपर्नेछ। नेपाली कांग्रेस एकजुट भएर चुनावमा जाँदासमेत ६ महिना अघि संसदीय निर्वाचनमा ठुलो पराजय भएको थियो, झन् विभाजित भएर जाँदा जित्ने संभावना यसै पनि न्यून हुने भइहाल्यो।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | व्यवसायमा हानी। | वृष | महान कष्ट। |
| मिथुन | यात्रा प्राप्त। | कर्कट | प्रेममा सुख। |
| सिंह | बिरोधी पराजय। | कन्या | कार्य अवरोध। |
| तुला | अपमान। | वृश्चिक | मानसिक असन्तोष। |
| धनु | शैया सुख। | मकर | चिन्ता बढने। |
| कुम्भ | ब्यापारमा लाभ। | मीन | पदोन्नती। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



## टाउको जोडेर अब एकता हुँदैन, पार्टीभित्र पुनर्गठन र सुदृढीकरण अपरिहार्य छ

# अध्यक्षले आत्मआलोचना गर्नुभएको छ, त्यो राम्रो पाटो हो



**आनन्द पोखरेल**, एमाले नेता

नेकपा एमालेभित्र लामो समयदेखि रूपान्तरण र पुस्तान्तरणको माग उठ्दै आयो । खासगरी गएको भदौ २३-२४ पछि ओलीले नेतृत्व छोड्नुपर्छ भन्ने पंक्ति बाक्लै देखिए । नेतृत्व हस्तान्तरणको मुद्दा पेचिलो बनिरहेको बेला पार्टीले ११औं महाधिवेशन गर्‍यो । ओली अध्यक्षमा दोहोरिए । लामो समयदेखि पार्टीभित्रैबाट अध्यक्ष ओलीको विकल्प खोज्दै चर्को आवाज उठ्दै आयो । पूर्वराष्ट्रपतिको विद्या भण्डारीलाई सक्रिय राजनीति गराउने वा नगराउने भन्ने विषय पनि लामो बहस बन्यो । लामो समय ओली निकट रहेकी भण्डारीलाई पार्टीको सदस्य बनाउन नचाहेका र उनका विरुद्ध उत्रिएका ओलीले ८ असोजको केन्द्रीय कमिटी बैठकबाट दोस्रो तहको नेता बनाएका छन् । विद्याको पार्टी जिम्मेवारीलाई निकै अर्थपूर्ण रूपमा हेरिएको छ । कतिले आउने दिनमा उनलाई ओलीको उत्तराधिकारीका रूपमा समेत हेरेका छन् । प्रस्तुत छ, यही सेरोफेरोमा रहेर एमाले नेता आनन्द पोखरेलसँग *सौर्य दैनिक*का लागि चमिना भट्टराईले गरेको संवादको सम्पादित अंश :

> एमालेको २०७० सालदेखि यताको इतिहासमा पहिलोपटक अध्यक्ष आत्मालोचित हुनुभएको छ । यो सबैभन्दा राम्रो पाटो हो ।
>
> केन्द्रीय सदस्यको प्रतिवेदन पढ्न पाए हुन्थ्यो भन्ने चाहना थियो । तर, सचिवालयले आवश्यक ठानेन अथवा समीक्षा रिपोर्ट अध्यक्षको प्रतिवेदनमा समावेश भएर आयो ।
>
> निर्णयलाई व्यक्ति केन्द्रित होइन, आमपार्टी केन्द्रित बनाउनुपर्छ भनेर व्यापक छलफल भएको छ । यी सबै कुरा समेट्ने गरी प्रस्तावमा आएको छ ।
>
> राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति र कम्युनिस्ट आन्दोलनको चुनौतीलाई हेरेर पार्टीको केन्द्रीय कमिटीले विद्या भण्डारीलाई पार्टीको पुनः नेता बनाउने निर्णय गरेको हो ।
>
> आउने स्थानीय निर्वाचनमा २०७४ वा २०७९ सालको हैसियतमा र आमनिर्वाचनमा २०७४ सालको हैसियतमा पार्टीलाई पुर्‍याउने गरी सबै लाग्नुपर्छ । त्यसमा सबैले महसुस गरेर एकताबद्ध भएर लाग्ने अठोट गरेका छौँ ।
>
> हामी आफ्नै स्वार्थ, आफ्नै मान्यता र आफ्नै अन्तरविरोधमा अल्मलिएका छौँ भने, न जनताले विश्वास गर्छ न पार्टी बलियो बन्छ । एमाले बाँचेमा सदस्य बाँच्छन् र पार्टीको प्रतिष्ठा पनि उँचो हुन्छ ।
>
> पुनर्गठनको मुद्दा निरन्तर कम्युनिस्ट आन्दोलनमा चलिरहने विषय हो । यसलाई कसैले रोकेर रोकिँदैन । त्यसैले कार्यकर्ता सन्तुष्ट हुने गरी पुनर्गठन र पुनर्जागरण हुन आवश्यक छ ।
>
> आफ्नै समस्या समाधान नगरी एकता गर्दा २०७५ मा एकता गरेर २०७७ सालमा विघटन भएको एकताबाट पाठ सिकेर कहिल्यै नटुट्ने एकता गर्नुपर्छ । टाउको जोडेर एकता हुँदैन ।
>
> संगठन संस्थागत चल्नुपर्छ । निर्णयलाई व्यक्ति केन्द्रित होइन, आम पार्टी केन्द्रित बनाउनुपर्छ भनेर व्यापक छलफल भएको छ । यी सबै कुरा समेट्ने गरी प्रस्तावमा आएको छ ।
>
> कसैको संकटलाई पन्छाउन एकता गर्नुहुँदैन । एकता वस्तुनिष्ठ, सैद्धान्तिक, वैचारिक र सबै कुरामा सहमतिका साथ हुनुपर्छ । अर्को कुरा, पार्टीको केन्द्रीय कमिटीको एजेन्डा बनाएर मात्रै एकता हुनुपर्छ ।
>
> आवश्यकता र औचित्यअनुसार कुनै मिति-तिथि तोकेर आन्दोलन हुने होइन । वस्तुगत अवस्थामा त्यसको तथ्य र सत्य खोजेर जनताको आवश्यक एजेन्डामा कम्युनिस्ट पार्टीले जहिले पनि आन्दोलन गरिरहेको हुन्छ, गर्छ र भोलि पनि गर्नेछ ।
>
> अहिले संसद् पुनःस्थापनाको कुरा गर्नु बेमौसमको बाजा हो ।
>
> अब संसद् पुनस्थापनाका लागि आन्दोलनको एजेन्डा बनाएर संघर्ष गर्यौं भने बाँचेकुचेको साख र समर्थन पनि गुम्न सक्छ । त्यो काम पार्टीले गर्दैन ।

**एमालेको यो केन्द्रीय कमिटी बैठकको उपलब्धि के हो ?**

बैठकको उपलब्धि पहिलो कुरा अध्यक्षले आफ्ना कमीकमजोरीको आत्मालोचना गर्नुभएको छ । भएका कमकमजोरी सच्याउने प्रतिबद्धता गर्नुभएको छ । नेकपा एमालेको २०१४ सालदेखि यताको इतिहासमा पहिलोपटक उहाँ आफू आत्मालोचित हुनुभएको छ । यो सबैभन्दा राम्रो पाटो हो । दोस्रो, निर्वाचनको समीक्षालाई उहाँले स्वीकार गर्नुभएको छ । तेस्रो भनेको पुनर्गठनको सन्दर्भमा उहाँले सुदृढीकरणको संकल्प भनेर अगाडि बढाउने भन्नुभएको छ । चौथो, पार्टीमा एकताबद्ध भएर जानका लागि आह्वान गर्नुभएको छ र त्यसको नेतृत्व गर्छु भन्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

संवाद र सहकार्यका साथ अगाडि बढ्ने कुरा भएको छ । अब पार्टी स्थानीय निर्वाचनतिर जानुपर्ने भएकाले त्यसतर्फ पार्टी अगाडि बढ्नेछ । अर्को, हिजो सदस्यता नदिएको विद्या भण्डारीलाई अहिले पार्टीको वरिष्ठ नेताको रूपमा राख्ने उहाँले नै निर्णय गराउनुभएको छ । अहिलेको बैठकका उपलब्धि हुन् यी ।

**त्यसो भए अब सबै विवाद सकिए ?**

होइन, हिजो पार्टीको ११औं महाधिवेशनको प्रतिस्पर्धालाई सधैँ राखिरहनु हुँदैन । हिजोको विभाजनलाई एकीकृत गरेर लैजाने बारेमा उहाँ सकारात्मक हुनुभएको छ । पछिल्लो निर्वाचनमा भएको परिणामलाई पनि स्वीकार गरेर जाने भन्नुभएको छ । त्यसकारण अरू बैठकभन्दा यसपटकको बैठकको विशेष छ । यस्तै यस्तै वातावरणले गर्दा पार्टीभित्रका समस्यालाई समाधान गराउने विश्वास छ ।

**अध्यक्षले गर्नुभएको प्रतिबद्धता पूरा हुने आधारचाहिँ के हो ?**

त्यो उहाँको प्रतिबद्धता मात्रै होइन, सिंगो पार्टीको दस्तावेजमै आएको कुरा हो । दस्तावेजमा आएको कुरामा आधार खोज्नुहुँदैन । त्यसका साथै जनताका बीचमा अठोटसमेत व्यक्त गरिएको छ । यी कुरा व्यक्तिले होइन, पार्टीको दस्तावेजमा लेखिएका कुरा हुन् । आधारको कुरा के भने, पार्टीभित्र विवाद हुन्छ । छलफल हुन्छ । तर्क हुन्छ । जनवादी केन्द्रीयतामा विश्वास राख्ने मान्छे हौं हामी । फरक मत, अल्पमत बहुमतको अधीनस्त हुन्छ भन्ने हो । त्यसैले हामीले पार्टीमा जे-जे विषय राख्यौं, त्यो पार्टीको सम्पत्तिको रूपमा हुन्छ । र, पार्टीको निर्णय लिएर जानु हाम्रो कर्तव्य हो ।

**कार्यदलले तयार पारेको प्रतिवेदन बैठकमा किन आएन ?**

कार्यदलको प्रतिवेदन बैठकमा आउनुपर्छ भन्ने व्यापक माग थियो । तर, सचिवालयले बनाएको कार्यदल थियो, सचिवालयमै पेस भयो । त्यो सचिवालयले तल ल्याउन आवश्यक ठानेन । त्यसैले केन्द्रीय कमिटी बैठकमा प्रस्तुत गरेन । हामीले दिएको सुझाव पढ्न पाए हुन्थ्यो भन्ने माग व्यापक थियो । केन्द्रीय सदस्यले पढ्न पाए हुन्थ्यो भन्ने चाहना थियो । त्यसै अनुसारको माग भएको पनि हो ।

तर, सचिवालयले आवश्यक ठानेन अथवा समीक्षा रिपोर्ट अध्यक्षको प्रतिवेदनमा समावेश भएर आयो । कार्यदलले तयार गरेको प्रतिवेदन पार्टीको सम्पत्तिको रूपमा रहेको छ । त्यसमा रहेका शुद्धीकरण, सुदृढीकरण, पुनर्गठन, पुनर्जागरण भन्ने कुरालाई बिस्तारै पार्टीले रूपान्तरण गर्दै गयो भने ठिकै मान्नुपर्छ । यी सबै पार्टीलाई बलियो र खँदिलो बनाउनका लागि हुन् ।

**त्यो प्रतिवेदन र सुझाव संकलनको के अर्थ अब ?**

त्यो त समिति बनाउने र प्रतिवेदन तयार गर्नेले जान्नुहुन्छ । हामी केन्द्रीय समिति सदस्यले त्यो जान्ने कुरा भएन । तर, हामीले त्यो प्रतिवेदन पढ्न पाउनुपर्छ भनेर माग भने राखेका हौं । पढ्न नपाए पनि त्यसमा भएका कुरा क्रमशः व्यवहारमा कार्यान्वयन हुँदै जान्छन् भन्ने लागेको छ । बैठकमा अध्यक्षले प्रतिवेदन आएको भन्नुभएको छ । त्यसमा व्यापक छलफल पनि भएको छ । बैठकमा अध्यक्षले ल्याएको प्रतिवेदन सर्वसम्मतिले पास गरिसकेपछिको अवस्थामा त्यसैमा थप भन्न उपयुक्त हुँदैन । त्यसैले पार्टीको सम्पत्ति पार्टीकै हितमा लागू होला भन्ने ठानेका छौं ।

**यसले त पार्टीभित्रको समस्यालाई व्यवस्थापन गर्नुभन्दा थप गिजोलिएको देखिएन र ?**

बाहिरबाट हेर्दा त्यस्तो देखिन सक्छ । हामी बैठकमा सहभागीलाई चाहिँ व्यवस्थापन भयो भन्ने लागेको छ । यो गिजोलिएको वा अरू केही भएको होइन । र, त्यसलाई त्यसरी बुझ्न पनि हुँदैन । यसले समयक्रममा निकास दिन्छ र त्यसमा आएका सुझावअनुसार पार्टी चल्छ भन्नेमा हामी विश्वस्त छौं ।

**एमालेमा एकल निर्णय प्रमुख हो ? व्यक्तिले चाहने हो कि कमिटीले ?**

हामीले पहिला पनि भनेका थियौं । नेतृत्व परिवर्तन प्रमुख एजेन्डा होइन । यसको विचारमा रूपान्तरण, परिवर्तन हुनपर्छ । हिजोको जबजलाई सुदृढीकरण र सरलीकरण गर्नुपर्छ । वर्गसंघर्ष र वर्गविश्लेषणलाई त्यही ढंगले व्यवस्थापन गर्नुपर्छ । जनताका बीचमा संगठन सुदृढीकरणलाई व्यवस्थित बनाउनुपर्छ । 'समृद्ध नेपाल, सुखी नेपाली' बनाउने कुरालाई प्राथमिकता दिनुपर्छ । तर फेरि, समृद्ध नेपाल बन्नेबित्तिकै जनता सुखी हुँदैनन् । गरिबी र धनका बीचमा झन् ग्याप हुन्छ ।

आम्दानी बढ्दैमा सामाजिक न्याय हुँदैन । यी चिजलाई हामीले सच्याएर जानुपर्छ । मजदुर र किसानका वर्गीय पक्षधरतालाई ध्यान दिनुपर्छ भनेर वैचारिक कुरा गर्‍यौं । यस्तै, सांगठनिक रूपमा भन्दा संगठन संस्थागत चल्नुपर्छ । निर्णयलाई व्यक्ति केन्द्रित होइन, आम पार्टी केन्द्रित बनाउनुपर्छ भनेर व्यापक छलफल भएको छ । यी सबै कुरा समेट्ने गरी प्रस्तावमा आएको छ । यो पहिलोपटक उठेको पनि होइन, बेलाबेला उठ्ने गरेको छ । त्यो पनि पार्टी बलियो बनाउनकै लागि हो ।

**हिजो उठ्दै आएको नेतृत्व परिवर्तनको मुद्दा कता पुग्यो ?**

हामीले पुनर्गठनको पक्षलाई जोडदार उठायौं । पुनर्गठन भनेको विचारको पुनर्गठन, संगठनको पुनर्गठन, कार्यशैलीको पुनर्गठन, जनताको विश्वासको पुनर्गठन, युवाहरूको काम र जिम्मेवारीको पुनर्गठन, अनुशासनमा पुनर्गठन, विधिमा पुनर्गठन भनेका थियौं । त्यसमध्ये नेतृत्वको पुनर्गठन पनि थियो । त्यस कारण यी विषय समग्र पुनर्गठनको विषय हो । बाहिर बुझ्दा नेतृत्वको पुनर्गठन मात्रै बुझिन्छ । तर, भित्र भने त्यो होइन । त्यस कारण पार्टीका विभिन्न तह रहेका र अहिले नै नेतृत्व परिवर्तनको तहमा पार्टी पुगेको छैन । बाँकी विषयमा पुनर्गठन गर्ने गरी पार्टीले निर्णय गरेको छ ।

**विद्या भण्डारीलाई सदस्य बनाउन नचाहेका ओलीले वरिष्ठ नेता बनाउनुको कारण के हो ?**

पार्टी एकता र पार्टीको मनोविज्ञानलाई मिलाउनका लागि हो । राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति र कम्युनिस्ट आन्दोलनको चुनौतीलाई हेरेर पार्टीको केन्द्रीय कमिटीले विद्या भण्डारीलाई पार्टीको पुनः नेता बनाउने निर्णय गरेको हो । हिजो पनि नेता हुनुहुन्थ्यो, आज फेरि आवश्यकता देखेर नेता बनाइयो ।

**सुनिँदै छ, विष्णु पौडेल र शंकर पोखरेललाई साइजमा राख्न विद्याको प्रवेश हो भन्ने !**

कसलाई साइजमा ल्याउने वा कसलाई साइजमा राख्ने भन्दा पनि ११औं महाधिवेशनमा केपी ओली र ईश्वर पोखरेल लडिरहँदा विद्या र ओली पक्ष भनेर प्रचार गरियो । भदौमा भएको विधान महाधिवेशनदेखि यहाँसम्म आउँदा एमालेमा विद्याको खाँचो र आवश्यकता महसुस भयो । पार्टीलाई एकताबद्ध बनाउने र सिंगो कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउने कुरामा उहाँले भूमिका निर्वाह गर्न सक्नुहुन्छ भनेर एमाले र एमाले बाहिर पनि उहाँको चर्चा भएको थियो । त्यही चर्चाको महसुस गरेर नै पार्टीमा सबैका मन जोड्ने एउटा कडीको रूपमा विद्या भण्डारी हुनुहुन्छ भन्ने लाग्छ ।

**विद्या भण्डारी आएपछि पार्टीका सबै असन्तुष्टि समेटिन्छन् ? उहाँले पार्टीबाहिर रहेकालाई पनि समेट्न सक्नुहोला ?**

विद्या भण्डारी हिजो पनि एमाले नै हो । उहाँ एमालेकै निर्णयले पार्टी काम छोडेर राष्ट्रपति हुनुभयो । अब सक्रिय हुनेबित्तिकै एमाले छोडेर अन्त गएका मान्छे फर्केर आउँछन् भन्ने मलाई लाग्दैन । एमालेभित्रै रहेका विमति र अन्तरसंघर्षलाई थाती राखेर आउने स्थानीय तहको निर्वाचनमा पार्टीले श्रेष्ठता हासिल गर्ने गरी जाने निर्णय पार्टीले गरेको छ । त्यसमा उहाँको भूमिका महत्त्वपूर्ण रहनेछ ।

**आउने दिनमा तपाईंहरू कसरी अगाडि बढ्नुहुन्छ ?**

पार्टीले जे फैसला गरेको छ, जे निर्णय गरेको छ, पार्टी निर्माणमा गरिएको निर्णय कार्यान्वयन गरेर जाने हो ।

**बैठकमा त तपाईंका कुरा पनि कडै सुनिएका थिए, अब के हुन्छ ?**

त्यो एउटा समय थियो । पार्टीमा विरोध हुन्छ । असहमति हुन्छ । आफ्ना धारणा राखिन्छन् । त्यसो गरिरहँदा कहिले कडा, कहिले नरम बोलियो । तर, अब पार्टीको बैठकले गरेका निर्णयअनुसार सबै लाग्नुपर्छ । त्यो ममा पनि लागू हुन्छ ।

**एमालेमा ठूलो पंक्ति असन्तुष्ट छ, धेरै नेता जिम्मेवारीविहीन छन्, यस्तो अवस्थामा पार्टी कसरी बलियो होला ?**

११औं महाधिवेशनमा हामी ईश्वर पोखरेलको पक्षधर भएर उठ्दा ११-१२ जनाले केन्द्रीय सदस्य जितेका हौं । तर, अब त्यही कुरा गर्ने होइन । विधानअनुसार बसेर पार्टी संगठनमा काम गर्नुपर्छ । विधानभन्दा बाहिर कोही जान मिल्दैन । त्यसैले अब प्रतिस्पर्धाबाट आएको परिणाम स्वीकार गर्ने हो । के पाएँ, के पाइनँ वा के पाउनुपर्छ भनेर रडाको गरिरहने होइन ।

यसमा हामीले चिन्ता गर्नेभन्दा पार्टी सदस्यको हैसियतले अथवा पुराना केन्द्रीय सदस्य र सल्लाहकारमा रहेकाले त्यही अनुसारको भूमिका निर्वाह गर्ने हो । हिजो अन्तरविरोध थियो र भोलि पनि त्यसैलाई बोकेर हिँड्नुपर्छ भन्दा पार्टीलाई एकताबद्ध बनाउन सक्दैनौं । त्यसैले पार्टीभित्र होइन, पार्टी बाहिरकासँग प्रतिस्पर्धा गरेर एमालेलाई बलियो बनाउनुपर्छ । आउने स्थानीय निर्वाचनमा २०७४ वा २०७९ सालको हैसियतमा र आमनिर्वाचनमा २०७४ सालको हैसियतमा पार्टीलाई पुर्‍याउने गरी सबै लाग्नुपर्छ । त्यसमा सबैले महसुस गरेर एकताबद्ध भएर लाग्ने अठोट गरेका छौं । पार्टीभित्र उठाउन बाँकी रहेका अरू कुरा पार्टीका सम्पत्ति र पुँजीका रूपमा रहेका छन् । त्यसलाई उचित ढंगले, उचित समयमा एकताबद्ध भएर उठाइनेछ ।



**विद्या भण्डारी आएपछि बाहिरिएका एमाले नेता-कार्यकर्ता फर्कने सम्भावना कति छ ?**

एमाले छोडेर अन्त गएका आउलान् भनेर बस्ने होइन । उहाँले सक्रिय भएर काम गर्नेबित्तिकै सबै एमालेमा फर्कन्छन् भन्ने सोच्नु पनि हुँदैन । हामीले हाम्रै पार्टी आफैँले बनाउने हो । मैले उहाँको विषयमा माथि पनि भनेको छु । उहाँ अहिलेको आवश्यकता हो भन्ने पार्टीले महसुस गरेर नै नेता बनाएको हो । त्यसमा उहाँले पनि पार्टी निर्माणमा भूमिका खेल्ने कुरामा शंका छैन ।

**भोलिका दिनमा असन्तुष्टिहरूलाई सम्बोधन गर्ने योजना के छ ?**

आवश्यकता र औचित्यअनुसार सबैलाई पार्टीमा काम दिइन्छ । कसैलाई कमिटीमा राखेर, कसैलाई सल्लाहकार बनाएर जिम्मेवारी दिने काम हुन्छ । असन्तुष्टि बोकेर हिँड्ने होइन, व्यवस्थापन गरेर पार्टी अगाडि बढ्नेछ । कोही जिम्मेवारीबाट नछुटून्, सबैले काम पाउने गरी अगाडि बढिन्छ ।

एउटा स्मरण गराऊँ, म २०३२ सालको पार्टी सदस्य हुँ, ३६३ मेरो पार्टी सदस्यता नम्बर हो । अहिलेका केही एकाधबाहेक म वरिष्ठ हुँ, सदस्यता प्राप्तिका हिसाबले । त्यसकारण पार्टीले के मूल्यांकन गर्ला भनेर चिन्ता गरिरहनुभन्दा 'म कम्युनिस्ट हुँ, एमाले हुँ' भन्ने सोचका साथ पार्टी निर्माणमा सबै लाग्नुपर्छ । कहाँ के मिलेन भन्ने कुरामा अल्झिनु हुँदैन । त्यसैले अब हाम्रो प्रमुख प्रतिस्पर्धी को हो ? मुलुकको अन्तरविरोध कोसँग छ ? हामी कसरी अगाडि बढ्ने र आफ्नो पार्टीलाई कसरी विजयी बनाउने भन्नेतिर लाग्यौं भने सबैको हित र भलो हुन्छ । तर, हामी आफ्नै स्वार्थ, आफ्नै मान्यता र आफ्नै अन्तरविरोधमा अल्मलिएका छौं भने, न जनताले विश्वास गर्छ न पार्टी बलियो बन्छ । एमाले बाँचेमा सदस्य बन्छन् र पार्टीको प्रतिष्ठा पनि उँचो हुन्छ । एमाले कमजोर भए शक्ति पनि घट्दै जान्छ । यसमा हामी सबै जानकार भएर अगाडि बढ्नुपर्छ ।

**त्यसो भए एमालेभित्र अब गुट-उपगुट सकियो ?**

अब गुट-उपगुटको लडाइँ गरेर हुँदैन । पार्टीका फरक मत र अन्तरविरोध सम्पत्तिका रूपमा रहेका छन् । त्यसलाई आवश्यकता परेमा उपयुक्त ठाउँ र उपयुक्त स्थानमा छलफल हुन्छ । पुनर्गठनको मुद्दा निरन्तर कम्युनिस्ट आन्दोलनमा चलिरहने विषय हो । यसलाई कसैले रोकेर रोकिँदैन । त्यसैले कार्यकर्ता सन्तुष्ट हुने गरी पुनर्गठन र पुनर्जागरण हुन आवश्यक छ । त्यसो गरिएन भने जनताको मन जित्न सकिन्न ।

**नेकपालगायत दलसँग एकताको वातावरण बनेको हो ?**

अहिले प्रदेशमा सहकार्य भएको छ । हिजोअस्तिको जस्तो छुवाछूत, एकले अर्कालाई नटेर्ने अवस्था छैन । अहिलेको सहकार्यलाई सकारात्मक रूपमा लिनुपर्छ । दोस्रो कुरा, नेकपामा पनि नेतृत्व छोड्नुपर्छ भन्ने आवाज उठिरहेको छ । त्यहाँ पुनर्गठनको बहस चर्को छ । एमालेले भने अहिलेलाई यो विषय थाती राखेको छ ।

त्यसैले पहिला सबैले आफ्नो पार्टीको आन्तरिक व्यवस्थापन र एकता कायम गर्नुपर्छ । वैचारिक र सांगठनिक रूपमा पार्टीलाई बलियो र मजबुत बनाउनुपर्छ । त्यसपछि अरू पार्टीका बीचमा एकताको पहलकदमी गर्नुपर्छ । तर, आफ्नो समस्या समाधान नगरी एकता गर्दा २०७५ सालमा एकता गरेर २०७७ सालमा विघटन भएको घटनाबाट पाठ सिकेर कहिल्यै नटुट्ने एकता गर्नुपर्छ । त्यसका लागि वैचारिक, सैद्धान्तिक र राजनीतिक ढंगले एकता गर्नुपर्छ । टाउको जोडेर गर्ने एकता सफल हुँदैन भन्ने विगतको इतिहासले पाठ सिकाएको छ ।

**कसरी होला एकता ? उही पहिलेको नेकपा जस्तै ?**

हो, त्यसरी टाउको जोडेर एकता हुँदैन । कसैको संकटलाई पन्छाउन एकता गर्नुहुँदैन । एकता वस्तुनिष्ठ, सैद्धान्तिक, वैचारिक र सबै कुरामा सहमतिका साथ हुनुपर्छ । अर्को कुरा, पार्टीको केन्द्रीय कमिटीको एजेन्डा बनाएर मात्रै एकता हुनुपर्छ ।

**एमालेले छठपछि सरकारका विरुद्ध आन्दोलन गर्न सडकमा आउने भन्ने कुरा के हो ?**

स्थानीय तहको चुनावमा जनतालाई गोलबन्द गर्न जनसंगठन, कार्यसंगठन गर्न, कमिटी परिचालन गर्नुपर्छ । एजेन्डामा रहेर जनताका हकअधिकारका लागि अगाडि बढ्ने हो । कम्युनिस्ट पार्टी भनेको जनताका हकअधिकार, राष्ट्रियताको मुद्दा र संविधानको मुद्दामा एकताबद्ध भएर अगाडि बढ्ने हो । त्यसको बाधक आयो भने संघर्ष हुन सक्छ । कम्युनिस्ट पार्टी क्रान्तिकारी भएकाले जहिले पनि संघर्ष गर्न तयार हुन्छ । आवश्यकता र औचित्यअनुसार कुनै पनि मिति-तिथि तोकेर आन्दोलन हुने होइन । वस्तुगत अवस्थामा त्यसको तथ्य र सत्य खोजेर आवश्यक जनताको एजेन्डामा कम्युनिस्ट पार्टीले जहिले पनि आन्दोलन गरिरहेको हुन्छ, गर्छ र भोलि पनि गर्नेछ ।

**पार्टीका केही पदाधिकारी जेनजी आन्दोलनद्वारा विघटित संसद् पुनःस्थापनाको कुरा गरिरहनुभएको छ । त्यो पार्टीको निर्णय हो वा व्यक्तिको कुरा ?**

आमनिर्वाचन भएर नयाँ संसद् बनिसकेको अवस्थामा, त्यो पनि यतिका समयपछि यो कुरा गर्नु उचित हुँदैन । चुनावमा भाग लिएर हारेका छौं । संसद्मा प्रतिपक्षको बेन्चमा बसेर बहस गरेका छौं । त्यसकारण अहिले संसद् पुनःस्थापनाको कुरा गर्नु बेमौसमको बाजा हो । एमालेले यो बजाउन उचित हुँदैन ।

हामीले आगामी दिनका संघर्ष र निर्वाचनलाई वर्गसंघर्षका रूपमा लिएका छौं । आउने चुनावमा विजयी हुन र पार्टीले अगाडि सारेको 'जनताको बहुदलीय जनवाद' अनुसार प्रतिस्पर्धामा श्रेष्ठता हासिल गरेर, सामाजिक-आर्थिक रूपान्तरण गरेर समाजवादको आधार तयार गर्नु आजको हाम्रो प्रमुख दायित्व हो । त्यो दायित्व पूरा गर्न पार्टी लाग्छ । तर, अब संसद् पुनःस्थापनाका लागि आन्दोलनको एजेन्डा बनाएर संघर्ष गर्‍यौं भने बाँचेकुचेको साख र समर्थन पनि गुम्न सक्छ । त्यो काम पार्टीले गर्दैन ।

# सरुवा भइसकेका विवादित सचिव बजेट बनाउन ब्यस्त






■ यमुना साउद

धनगढी । सुदूरपश्चिम प्रदेशको आर्थिक मामिला मन्त्रालयका सचिव राजेन्द्रकुमार हमाल सरुवा भएको २ साताभन्दा बढी भयो तर अहिलेसम्म रमाना बुझेका छैनन् । संघीय मन्त्रिपरिषद् बैठकले ३१ भदौमा हमालको सरुवा राष्ट्रिय महिला आयोग काठमाडौँमा गरेको थियो । तर, उनी अहिले पनि मन्त्रालयमै कार्यरत छन् ।

मन्त्रिपरिषद्को निर्णयअनुसार भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा भएको पत्र यही २ असोजमा हमाललाई पठाएको छ । उक्त पत्रको बोधार्थमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालयलगायत निकाय उल्लेख छ ।

सरकारले सरुवा गरिसके पनि सचिव हमाल भने रमाना बुझेर सरुवा भएको कार्यालयमा गएका छैनन् । मन्त्रालयका सूचना अधिकारीका सत्यराज जोशीका अनुसार उनी मन्त्रालयमै छन् । बजेट शून्यतामा रहेको सुदूरपश्चिममा प्रदेश सरकारले अहिले चालु वर्षको बजेट निर्माण गरिरहेको छ । सरुवा भएका सचिव हमाल मन्त्रालयमा बजेट निर्माणमा सक्रिय छन् ।

सरुवा भएको २१ दिनभित्र सम्बन्धित कार्यालयबाट रमाना बुझिसक्नुपर्ने व्यवस्था भए पनि सामान्यतया सरुवा भएको केही दिनमै कर्मचारी सरुवा भएको कार्यालयमा हाजिर हुने गर्छन् । तर हमालले अहिलेसम्म रमाना बुझेका छैनन् । यसअघिको बजेट बनाउँदा पनि उनले बजेटमा बदमासी गरेको भन्दै सत्तारूढ दलका नेताहरूद्वारा नै आलोचना भएको थियो ।

सामान्य प्रशासन मन्त्रालयले उनको स्थानमा बलराम रिजालको सरुवा गरेको छ । रिजाल सोमबार मात्रै धनगढी पुगेर मंगलबारदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हाजिर लगाएका छन् । ‘सरुवा भएर आएँ । अहिलेसम्म जिम्मेवारी तोकिएको छैन । आज (मंगलबार) बाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हाजिर भएको छु,’ सचिव रिजालले भने ।

रिजाल आथिक क्षेत्रका विज्ञ मानिन्छन् । उनले यसअघि संघीय अर्थ मन्त्रालयमा उपसचिव, आन्तरिक राजस्व विभाग तथा कर प्रशासनसँग सम्बन्धित जिम्मेवारी, लगानी बोर्डमा सहसचिव तथा प्रवक्ताका रूपमा काम गरिसकेका छन् ।

यसअघिको सरकार बजेटकै कारण विवादमा आएको थियो । तत्कालीन मुख्यमन्त्री कमल बहादुर शाहको पालामा असार १ गते मध्यराती ल्याइएको झन्डै ३७ अर्बको बजेट सचिव हमालकै कारण विवादमा परेको थियो । हमालले मन्त्रालयहरूलाई दिइएको पुँजीगत खर्चको सिलिङमा २५ देखि ४० प्रतिशत बजेट घटाई दिएका थिए ।

शिक्षा, स्वास्थ्य क्षेत्रको २५ करोडभन्दा बढी बजेट आन्तरिक मामिला मन्त्रालयमार्फत हालेको, मन्त्री र उनको सचिवालयका व्यक्तिहरूलाई आर्थिक मामिला मन्त्रालयमा प्रवेश रोक लगाएको, बजेट भाषण भएको ४ दिनसम्म कर्मचारीबाहेक बाहिरका मान्छे ल्याएर बजेट इन्ट्री गराएको र अधकांश टुक्रे र कमिसनका योजनाहरू मात्रै बजेटमा समावेश गरिएको जस्ता आरोप सचिव हमालमाथि लागेका थिए । सुदूरपश्चिममा बजेटकै कारण सत्ता परिवर्तन मात्रै होइन, एमालेले कांग्रेससँगको गठबन्धनसमेत तोडेको थियो ।

१०. दरभाउपेश गर्ने सप्लायर्सले उपलब्ध गराउने बीउको ल्याव रिपोर्ट अनिवार्य पेश गर्नु पर्ने छ।

११. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी ठेकेदारलाई आवश्यक कारवाही हुनेछ ।

१२. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

१३. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

१४. यस सम्बन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१५. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियमानुसार हुनेछ ।

**कामको विवरण**

| सि.नं. | प्याकेज नं | खरिद आइटम | जात | ईकाइ | परिमाण | खरिदको माध्यम | जमानत रकम | सूचना अवधी | बोलपत्र फाराम दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृ. ०१-०८३/०८४ | मकैको बीउ | TX 369 | के.जी | ३०५० | बोलपत्र | १,०९,७७४। | २१ दिन | ३०००.० |
| २ | कृ.०२-०८३/०८४ | मकैको बीउ | CP808 | के.जी | २०३२ | बोलपत्र | | | |



नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय तनहुँ

**जग्गा प्राप्ति सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१४**

मुग्लिङ्ग पोखरा सडक योजना (पुर्वी खण्ड) अन्तर्गत निर्माण हुने मादी नदी पुलको दायाँ तर्फको एप्रोच सडक निर्माणको लागि आवश्यक पर्ने सडक अधिकार क्षेत्र बाहिर पर्ने केहि व्यक्तिको नाममा रहेका जग्गाहरु जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम स्थायी रुपमा प्राप्त गर्न र प्रारम्भिक कारवाही चलाउनको लागि नेपाल सरकारको निर्णय बमोजिम जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ को उपदफा १ को प्रयोजनको निमित्त सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । जग्गा प्राप्ति ऐनको दफा १० बमोजिम सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र सरोकारवाला व्यक्तिले घर टहरा भए सो समेतको मुआब्जा दाबी गर्न आ-आफ्नो हकदैया वा भोगचलन सम्बन्धी सबुद, निस्सा तथा प्रमाण सहित रित पुर्वक यस कार्यालय अथवा मुग्लिङ्ग पोखरा सडक योजना (पुर्वी खण्ड) को कार्यालय डुम्रेमा निवेदन दिनुहोला । तोकिएको म्याद भित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानून बमोजिम हुनेछ र पछि कुनै उजुर लाग्ने छैन ।

| क्र.सं. | जग्गाधनीको नामथर | जग्गाधनीको बुबा/पतिको नामथर | जग्गाधनीको बाजेको नामथर | साविक गा.बि.स. | सिट नं. | कि.नं. | साविक क्षेत्रफल | प्राप्त गर्नु पर्ने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सन्त कुमार श्रेष्ठ, फुल माया श्रेष्ठ | कृष्ण कुमार, राजकुमार | केहरमान, केरमान | गुणादी | २/क | १६४ | ०-१०-०-० | ०-२-०-० | |
| २ | गोवरधन प्रधान श्रेष्ठ | गोरे प्रधान श्रेष्ठ | - | गुणादी | २/क | ५७२ | ०-६-३-२ | ०-१-०-० | |

# भारतको एक निर्णयले नेपाली उद्योगलाई डेढ खर्ब घाटाको जोखिम

सौर्य समाचार

काठमाडौँ । भारतले खाद्य तेल उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको आयात भन्सार घटाएपछि नेपालबाट भारततर्फ हुँदै आएको ठुलो परिमाणको प्रशोधित तेल निर्यातको लागतगत आधार कमजोर हुने भएको छ । भारतीय उद्योगले अब तेस्रो मुलुकबाट कच्चा तेल पहिलेभन्दा सस्तोमा आयात गर्न पाउने भएपछि नेपालले पाउँदै आएको भन्सार अन्तरको लाभ घट्ने र त्यसको सिधा दबाब नेपाली उद्योगको नाफामा पर्ने व्यवसायीले बताएका छन् ।

नेपालले गत आर्थिक वर्ष भटमास, पाम र सूर्यमुखी तेलबाट १ खर्ब ४६ अर्ब रुपैयाँभन्दा बढीको निर्यात गरेको थियो । यीमध्ये ठुलो हिस्सा भारतमै जाने गरेको छ । यस्तो अवस्थामा भारतको पछिल्लो भन्सार नीतिले तत्काल निर्यात नै रोक्नेभन्दा पनि नेपाली उद्योगलाई भारतीय बजारमा मूल्य प्रतिस्पर्धा कायम राख्न कठिन बनाउने देखिएको छ ।

भारतले सेप्टेम्बर २४ देखि लागू हुने गरी कच्चा पाम, भटमास र सूर्यमुखी तेलको आयातमा लाग्ने शुल्क घटाएको हो । कच्चा पाम र सोयाबिन तेलको आधारभूत भन्सार महसुल १० प्रतिशतबाट ५ प्रतिशतमा झारिएको छ भने कच्चा सूर्यमुखी तेलमा लाग्दै आएको १० प्रतिशत शुल्क हटाइएको छ ।

कृषि पूर्वाधार तथा विकास र सामाजिक सुरक्षा चार्जसमेत जोड्दा कच्चा पाम र सोयाबिन तेलमा लाग्ने कुल आयात शुल्क १६.५ प्रतिशतबाट ११ प्रतिशत तथा कच्चा सूर्यमुखी तेलमा १६.५ प्रतिशतबाट ५.५ प्रतिशतमा झरेको छ ।

नेपाल चामल, तेल, दाल उत्पादक संघका सदस्य विभोर अग्रवालका अनुसार भारतमा कच्चा तेल सस्तो भएपछि त्यहाँका उद्योगले नेपालका उद्योगसँग तुलनात्मक रूपमा कम लागतमा उत्पादन गर्न सक्नेछन् ।

'अहिलेसम्म भारतमा कच्चा तेल आयात गर्दा भारतीय उद्योगीले बढी शुल्क तिर्नुपर्थ्यो । नेपालले आयात गर्ने कच्चा पदार्थमा त्यसभन्दा कम शुल्क लाग्ने भएकाले ड्युटी डिफरेन्सको लाभ नेपालबाट तेल निर्यातमा देखिएको थियो,' उनले भने, 'अब भारतले कच्चा तेलको आयात शुल्क घटाएपछि भारतीय उद्योगलाई नै कच्चा पदार्थ सस्तो पर्ने भयो । त्यसपछि भारतमा भारतीय तेल नै सस्तो हुन्छ भने नेपालबाट तेल निर्यात गर्न कठिन हुन्छ ।'



### १ खर्ब ४६ अर्बको बजारमाथि दबाब

व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रका अनुसार आव २०८२/०८३ मा भटमास, पाम र सूर्यमुखी तेलको कुल निर्यात मूल्य १ खर्ब ४६ अर्ब रुपैयाँभन्दा बढी थियो । तीनै प्रकारका तेलको प्रमुख बजार भारत हो ।

भटमासको तेलमा नेपालको निर्यात निर्भरता अझ ठुलो छ । भन्सार विभागका अनुसार आव २०८२/०८३ मा नेपालबाट १ खर्ब २८ अर्ब ७४ करोड रुपैयाँ बराबरको ५ लाख ९३ हजार ८२३ मेट्रिक टन भटमासको तेल निर्यात भएको थियो ।

अघिल्लो आवमा १ खर्ब ६ अर्ब ७९ करोड रुपैयाँ बराबरको ५ लाख ९ हजार ९६२ मेट्रिक टन भटमासको तेल निर्यात भएको थियो । १ वर्षमै यसको निर्यात मूल्य करिब २२ अर्ब रुपैयाँले बढेको देखिन्छ ।

तर पाम र सूर्यमुखी तेलको निर्यातमा भने ठुलो उतारचढाव देखिन्छ । पाम तेलको निर्यात आव २०७६/०७७ मा १८ अर्ब ३२ करोड रुपैयाँ पुगेकोमा आव २०७७/०७८ मा ६ किलोलिटरमा सीमित भएको थियो । त्यसपछि आव २०७८/०७९ मा ४१ अर्ब ६ करोड रुपैयाँ पुगेको निर्यात आव २०८२/०८३ मा ८ अर्ब ३७ करोड रुपैयाँमा झरेको छ ।

सूर्यमुखी तेलको निर्यात पनि आव २०८१/०८२ को १२ अर्ब ३३ करोड रुपैयाँबाट घटेर आव २०८२/०८३ मा ८ अर्ब ९४ करोड रुपैयाँमा सीमित भएको छ । यद्यपि, सो अवधिमा यसको निर्यात परिमाण ६९ हजार ३४५ किलोलिटर पुगेको छ ।

### निर्यातभन्दा पहिले नाफामा असर

भारतको नयाँ शुल्क संरचनाको पहिलो असर निर्यातको परिमाणमा भन्दा नेपाली उद्योगको नाफा मार्जिनमा देखिन सक्ने व्यवसायीको भनाइ छ ।

भारतीय उद्योगले कच्चा तेल सस्तोमा पाएपछि त्यहाँ उत्पादित प्रशोधित तेलको लागत घट्नेछ । त्यससँग प्रतिस्पर्धा गर्न नेपाली उद्योगले आफ्नो उत्पादनको मूल्य घटाउनुपर्ने हुन सक्छ । मूल्य घटाएर बजार हिस्सा जोगाउँदा निर्यातको परिमाण तत्काल कायम रहे पनि उद्योगले पाउने नाफा घट्ने जोखिम हुन्छ ।

अग्रवालका अनुसार नेपालले अहिलेसम्म पाउँदै आएको मुख्य फाइदा नै भारत र नेपालबीचको कच्चा पदार्थ आयात शुल्कको अन्तर थियो । भारतले उक्त शुल्क घटाएपछि नेपाली उद्योगको प्रतिस्पर्धात्मक आधार कमजोर भएको उनको भनाइ छ ।

'केही दिन अघिसम्म भारतमा भारतीय तेल महँगो पर्ने भएकाले नेपालबाट प्रशोधित तेल निर्यात भइरहेको थियो । अब भारतमै तेल सस्तो भएपछि नेपाली तेल त्यहाँ लैजानुको आर्थिक आधार कमजोर हुन्छ,' उनले भने ।

### कच्चा पदार्थको आयातसमेत घट्न सक्ने

भारतमा नेपाली तेलको माग घटे त्यसको प्रभाव नेपालभित्र कच्चा तेलको आयातमा समेत पर्न सक्ने व्यवसायीको अनुमान छ ।

नेपालका उद्योगले भारतमा निर्यात गर्ने उद्देश्यले तेस्रो मुलुकबाट कच्चा पाम, भटमास तथा सूर्यमुखी तेल आयात गरेका छन् । भारतमा बजार कमजोर भए आयात गरिने कच्चा पदार्थको परिमाण घट्न सक्नेछ ।

'भारतमा नेपाली तेलको माग घटेपछि नेपालमा कच्चा पदार्थको आयात पनि कम हुन्छ । कतिपय अवस्थामा बाटोमा रहेको कच्चा पदार्थको सौदा पनि रद्द हुनसक्ने अवस्था आउन सक्छ,' अग्रवालले भने ।

यसले निर्यात उद्योगमा मात्र नभई आयात, ढुवानी, बैंकिङ, प्याकेजिङ तथा प्रशोधनसँग जोडिएको समग्र कारोबारमा असर पार्न सक्ने देखिन्छ ।

### नेपालभित्र तेल सस्तो हुने सम्भावना

भारतमा निर्यात हुन नसकेको प्रशोधित तेलको हिस्सा नेपाली बजारमै रहन सक्ने भएकाले यसको अर्को प्रभाव भने उपभोक्ताको तहमा देखिन सक्छ ।

भारतमा बजार गुमेको अवस्थामा उद्योगले नेपालभित्रै तेल बिक्री बढाउन खोज्दा आन्तरिक बजारमा आपूर्ति बढ्न सक्छ । त्यसले मूल्यमा दबाब सिर्जना गरे उपभोक्ताले तुलनात्मक रूपमा सस्तो तेल पाउने अवस्था बन्न सक्ने व्यवसायीको भनाइ छ ।

तर निर्यातमा केन्द्रित उद्योगका लागि भने यही अवस्था अतिरिक्त चुनौती बन्न सक्छ । भारतमा बिक्री घट्नु र नेपालमा आपूर्ति बढ्नुले उद्योगको बिक्री संरचना र नाफा दुवैमा असर पार्न सक्छ ।

### राजस्वमा समेत असर

खाद्य तेलको निर्यात घटेमा त्यसको असर उद्योगको कारोबारमा मात्र सीमित नहुने व्यवसायी बताउँछन् । कच्चा पदार्थ आयातदेखि प्रशोधन, प्याकेजिङ, ढुवानी र बैंकिङसम्मको कारोबार प्रभावित हुन सक्छ ।

अग्रवालका अनुसार निर्यात घटेपछि कच्चा पदार्थको आयातसमेत कम हुने भएकाले सरकारको राजस्वमा पनि असर पर्न सक्छ ।

'भारततर्फ निर्यात नै भएन भने निर्यातबाट आउने कारोबार त घट्छ नै । कच्चा पदार्थको आयातमा लाग्ने कर तथा त्यससँग जोडिएको कारोबार पनि घट्न सक्छ,' उनले भने ।

### अब भारतको नीतिमा निर्भर उद्योग

नेपालमा प्रशोधन गरी भारतमा बिक्री गर्ने खाद्य तेल उद्योग लामो समयदेखि भारतीय बजार र त्यहाँको आयात नीतिमा निर्भर रहँदै आएको छ । पाम तथा सूर्यमुखी तेलको निर्यातमा विगतमा देखिएको ठुलो उतारचढावले पनि यस्तो निर्भरता देखाउँछ ।

त्यसैले भारतको पछिल्लो शुल्क परिवर्तनले नेपाली उद्योगसामु तत्काल २ वटा चुनौती थपेको छ – भारतीय उद्योगसँग मूल्यमा प्रतिस्पर्धा कायम राख्नु र निर्यातबाट प्राप्त हुने नाफा जोगाउनु ।

१ खर्ब ४६ अर्ब रुपैयाँभन्दा बढीको निर्यात कारोबार तत्कालै समाप्त हुने अवस्था नभए पनि भारतको नयाँ शुल्क संरचना लामो समय कायम रहेमा नेपालले पाउँदै आएको भन्सार तथा लागत अन्तरको लाभ क्रमशः खुम्चिन सक्छ । त्यसको प्रभाव निर्यातको परिमाणसँगै निर्यात मूल्य, कच्चा पदार्थको आयात, उद्योगको नाफा र सरकारको राजस्वसम्म पुग्न सक्ने देखिन्छ । (नेपाल न्युज बैंकको सहयोगमा)

# तथ्यमा बहस गर्न आइप्यानको आग्रह

सौर्य समाचार




काठमाडौँ । नेपालमा विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिएर सञ्चालित शैक्षिक कार्यक्रमबारे तथ्यमा आधारित भएर बहस गर्न इन्टरनेसनल एजुकेसन प्रोभाइडर्स एसोसिएसन अफ नेपाल (आइप्यान) आग्रह गरेको छ ।

काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा आइप्यान अध्यक्ष लक्ष्मण केसीले शिक्षा मन्त्रालयको अनुमतिमा सञ्चालन भइरहेका कार्यक्रम कुनै पनि बेला कानुनी आधारबिना बन्द हुन सक्ने भन्ने दाबी गलत भएको बताए । शिक्षा ऐन, २०२८ को दफा १(अन्तर्गत जारी 'विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २८३' ले यस्ता कार्यक्रमको सञ्चालन र नियमनको व्यवस्था गरेको उनले जानकारी दिए ।

केसीका अनुसार नेपालमा ७ देशका ३५ विदेशी विश्वविद्यालयसँग सम्बन्धित कार्यक्रम सञ्चालनमा छन् । यस्ता कार्यक्रम सञ्चालन गर्न अनुमति पाएका ५८ संस्थामा ३७ हजार २०८ विद्यार्थी अध्ययनरत छन् । यस क्षेत्रबाट करिब ५ हजार प्रत्यक्ष र १५ हजार अप्रत्यक्ष रोजगारी सिर्जना भएको तथा करिब २५ अर्ब रुपैयाँ लगानी भएको आइप्यानको दाबी छ । वार्षिक करिब ५० करोड रुपैयाँ प्रत्यक्ष र १ अर्ब रुपैयाँभन्दा बढी अप्रत्यक्ष राजस्व योगदान हुने तथा १५ देखि २० अर्ब रुपैयाँ बराबरको आर्थिक गतिविधि सिर्जना हुने आइप्यानले जनाएको छ । यसले वार्षिक करिब ५० देखि ६० अर्ब रुपैयाँको सम्भावित विदेशी मुद्रा बहिर्गमन घटाउन सहयोग गर्ने उसको अनुमान छ ।

केसीले नेपाललाई भविष्यमा विदेशी विद्यार्थीको अध्ययन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य पनि सुनाए । त्यसका लागि योग्य संस्थाको मूल्यांकन, विद्यार्थी भिसा र विदेशी विद्यार्थीलाई आवश्यक सेवासम्बन्धी स्पष्ट व्यवस्था गर्न उनले सरकारसँग आग्रह गरे । अनुमति प्राप्त संस्था र कार्यक्रमको अद्यावधिक सूची सार्वजनिक गर्न, गुणस्तर जाँचका मापदण्ड स्पष्ट पार्न तथा विद्यार्थीका गुनासा सम्बोधन गर्ने प्रक्रिया प्रभावकारी बनाउन पनि उनले माग गरे ।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०८३/०६/१४ गतेको सौर्य राष्ट्रिय दैनिक**

**दोश्रो पटक प्रकाशित मिति : २०७९/१२/२८ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिका**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०८/२२ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिका**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/०३/०७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०७९/०८/२२ र २०७९/१२/२८ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र प्राप्त हुन नआएकोले पुनः तेश्रो पटक यो १५ दिने सूचना प्रकाशित गरिएको छ । अतः तोकिएको समयावधिभित्र इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

शिवनन्दन साहको नाती, लक्ष्मी साह तेलीको छोरा, रौतहट जिल्ला, भलोहीया न.पा./गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, दुर्गा भगवती गा.पा. वडा नं. २ बस्ने **अबधेश कुमार साह तेली** (ना.प्र.नं. १४४७०५८६, जारी मिति २०३९/०९/२०, जि.प्र.का. रौतहट) ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. लक्ष्मी साह तेलीको बुहारी, अबधेश कुमार साह तेलीको पत्नी, रौतहट जिल्ला, भलोहीया न.पा./गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, दुर्गा भगवती गा.पा. वडा नं. २ बस्ने **मिथिलेश देवी** (ना.प्र.नं. ५६८, जारी मिति २०४६/०३/१९, जि.प्र.का. रौतहट) । | २. लक्ष्मी साह तेलीको नाती, अबधेश कुमार साह तेलीको छोरा, रौतहट जिल्ला, भलोहीया न.पा./गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, दुर्गा भगवती गा.पा. वडा नं. २ बस्ने **प्रदिप कुमार साह** (ना.प्र.नं. ३२१०१६-१४७९, जारी मिति २०६७/०५/२०, जि.प्र.का. रौतहट) । |

३. लक्ष्मी साह तेलीको नाती, अबधेश कुमार साह तेलीको छोरा, रौतहट जिल्ला, भलोहीया न.पा./गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, दुर्गा भगवती गा.पा. वडा नं. २ बस्ने **रंजित कुमार साह** (ना.प्र.नं. २६५३, जारी मिति २०६१/१०/०७, जि.प्र.का. रौतहट) ।

**धितोको विवरण**

अबधेश कुमार साह तेली (ना.प्र.नं. १४४७०५८६, जारी मिति २०३९/०९/२०, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, भलोहीया न.पा./गा.वि.स. वडा नं. ९ स्थित कि.नं. २५८ को क्षेत्रफल ०-१-१-० (वि.क.धु.क) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/२८ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/२९ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय चन्द्रपुर, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website: www.siddharthabank.com



## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### कम्बाईन ट्रयाक हार्बेष्टर खरिदको लागि बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित भएको मितिः २०८३।०६।१४)

१. उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय मोरङ, योग्य बोलपत्रबाट राष्ट्रियस्तरको खुल्ला बोलपत्रको माध्यमवाट कम्बाईन ट्रयाक हार्बेष्टर खरिद गर्न यो बोलपत्र आब्हान गर्दछ ।
२. यो सूचना प्रकाशन भएको मितिले २१ औं दिनसम्म बोलपत्र फाराम खरिद गर्न सकिनेछ । इच्छुक फर्म, कम्पनी, सप्लायर्सले नवीकरण भएको सम्बन्धित विषयको कारोबार गर्ने इजाजत वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयको कृषि विकास बैंक शाखा कार्यालय, उर्लाबारीमा रहेको यस कार्यालयको ग-१.१ स्थानीय तह आन्तरिक राजश्व खाता (URLABARI MUNICIPALITY GA 1·1 INTERNAL REVENUE) नं. ०६०१७०११५०५९५१४८ मा नगद जम्मा गरेको बैंक भौचर सहित बोलपत्र फाराम खरिद गरेको मिति देखि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट अपरान्ह १२:०० बजेसम्म नगरपालिकाको कृषि विकास शाखामा बोलपत्र फाराम दर्ता गर्न सकिनेछ । पर्न आएका बोलपत्रहरु दर्ता हुने अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ तर ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएपनि उल्लेखित आय ठेक्काको बोलपत्रहरु खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्र दर्ता गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदा सकिएको भोलिपल्ट कार्यालय खुलेपछि दरभाउपत्र दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।
४. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । जमानत वापतको रकम कृषि विकास बैंक उर्लाबारी शाखामा रहेको यस कार्यालयको ग·३ स्थानीय तह धरौटी खाता (URLABARI MUNICIPALITY GA 3·1 LOCAL LEVEL DEPOSIT A) नं.०६०१७०११५०५९५०२४ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी 120 दिनको म्यादसहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।
५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
६. बोलपत्र पेश गर्दा मुल्य अभिबृद्धी कर बाहेकको दर पेश गर्नु पर्नेछ ।
७. बोलपत्र पेश गर्ने सप्लायर्सले उपलब्ध गराउने औजारको ग्यारेन्टी/वारेन्टी सहितको कागजात अनिवार्य पेश गर्नु पर्ने छ ।
८. रीत नपुगेको र म्याद नाघि आएको बोलपत्र माथि कुनै कार्यवाही गरिने छैन ।
९. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।
१०. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी ठेकेदारलाई आवश्यक कारवाही हुनेछ ।
११. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।
१२. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।
१३. यस सम्बन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।
१४. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियमानुसार हुनेछ ।

**कामको विवरण**

| सि.नं | प्याकेज नं | खरिद आइटम | ईकाइ | परिमाण | खरिदको माध्यम | जमानत रकम | सूचना अवधी | बोलपत्र फाराम दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृ. ०१-०८३/०८४ | कम्बाईन ट्रयाक हार्बेष्टर (102HP) | संख्या | १ | बोलपत्र | १,१८,५००। | २१ दिनको | ३०००.० |

प्रमुख प्रशासकीय अधिकृत

## बगरदेखि रंगशालासम्म
# च्यासल फुटबल मैदानको कथा



■ दीपेन्द्र सापकोटा

काठमाडौं । ललितपुरमा रहेको च्यासल फुटबल मैदान नेपालमैं गनिने फुटबल मैदानहरुमधये एक हो । यसको इतिहास र नेपाली फुटबलको इतिहास कुम जोडेर हिंडिरहेका छन् ।

च्यासल मैदान बिस्तारै रंगशालाको रूपमा विकास भएको हो । यो क्षेत्रमा पहिला बगरजस्तो खुला जग्गा थियो । जसलाई स्थानीयले खेलमैदानका रूपमा प्रयोग गर्ने गर्थे । ३ दशकअघि स्थानीय च्यासल क्लबले यसलाई आफ्नो खेल मैदानको रूपमा विकास गर्न पहल अघि बढायो । यसपछि ललितपुर महानगरपालिकासँगको पहलमा फुटबल खेल्न मिल्ने मैदान बनेको हो । मैदान बनेपछि च्यासल क्लबले प्रशिक्षण तथा घरेलु प्रतियोगिताका लागि गर्न गर्न थालेको हो ।

त्यसपछि एन्फाले २०५९ मा च्यासल मैदानलाई टेक्निकल सेन्टरका रूपमा विकास गर्ने प्रस्ताव अघि बढायो । ललितपुर जिल्ला प्रशासन र च्यासल क्लबको सहमतिमा विश्व फुटबल महासंघ (फिफा) को गोल प्रोजेक्टअन्तर्गत च्यासल एन्फा टेक्निकल सेन्टर स्थापना भएको हो । उक्त टेक्निकल सेन्टरको निर्माण २०६१ सालदेखि सुरु भएको थियो । त्यसपछि तत्कालीन एसियाली फुटबल संघ (एएफसी) का अध्यक्ष मोहम्मद बिन हमामले उक्त सेन्टरको उद्घाटन गरेका थिए । त्यसबेला त्यहाँ १२० इन्टु ७० मिटरको फुटबल मैदान र दक्षिणतर्फ करिब ५०० दर्शक क्षमताको प्यारापिट थियो ।

२०७२ को भूकम्पले दशरथ रंगशालामा क्षति पुग्यो । त्यहाँ तत्कालै कुनै प्रतियोगिता हुने अवस्था नभएकाले विकल्पका रूपमा च्यासल मैदानलाई रोजिएको थियो । यसपछि च्यासल मैदानलाई बहुउद्देशीय रंगशालाको रूपमा स्तरोन्नति गर्ने योजना अघि बढ्यो । २०७४ मा स्तरोन्नतिको काम सुरु भयो । र, डाँफे-प्रेरणा प्रतिष्ठान जेभीमार्फत रंगशालाको स्वरूप दिइयो ।

डाँफे जेभीले सुरुमा १० हजार क्षमताको प्यारापिट रहने गरी ३३ करोड ५० लाख रुपैयाँ लागतमा सम्झौता गरेको थियो । तर, मनोहरा करिडोरको मापदण्डअनुसार खोलाबाट कम्तीमा २० मिटर दूरीमा संरचना बनाउन नपाइने भएपछि रंगशालाको दर्शक क्षमतासँगै लागत मूल्य पनि घटेको थियो ।

यो रंगशाला पुनर्निर्माणका लागि त्यो बेला २८ करोड रुपैयाँ (भ्याटबाहेक) खर्च भएको एन्फा स्रोतले जानकारी दिएको छ । स्तरोन्नतिको काम २०७८ मा करिब १० हजार दर्शक क्षमताको रंगशाला सम्पन्न भएको थियो ।

रंगशाला निर्माणपछि एन्फाले यसलाई २०७८-७९ को सहिद स्मारक 'ए' डिभिजन लिगका नियमित खेलहरू सञ्चालन गर्ने योजना बनाएको थियो । तर, 'ए' डिभिजनका खेल ७८ मा हुन सकेन । पहिलोपटक ७९ मा भने हुन सफल भयो ।

२०७८ देखि २०८१ सुरुआतीसम्म च्यासल रंशशालामा विभिन्न बाढी आइरहेको थिए । तर, सामान्य मर्मतपछि रंगशाला चलिरहेको थियो । यसैबीच, २०८१ को असोज १२ गते ठुलो बाढी आयो, यसले रंगशाला हालसम्मकै सबैभन्दा ठुलो क्षति पुर्‍यो । यसपछि यसको पुर्निनिर्माणका लागि राष्ट्रिय खेलकुद परिषद् राखेप (राखेप) को पूर्वाधार निर्माण तथा मर्मत शाखाले २ करोड रुपैयाँ दिएको थियो । त्यसपछि पुनर्निर्माण भएर एन्फा महिला लिग र राष्ट्रिय लिग भइसकेका छन् । तर, प्रशिक्षकहरूले मैदानको अवस्था भने राम्रो नभएको सुनासो गर्दै आएका छन् । मैदानमा पर्याप्त घाँस नभएको, माटो र हिलोका कारण खेलाडी घाइते हुने जोखिम बढेको उनीहरूको सुनासो छ ।

गत १० असारयता एन्फा निलम्बनमा छ । त्यसैले अहिले एन्फाले कुनै फुटबल प्रतियोगिता गर्न पाउँदैन । यसले गर्दा आजकल च्यासल क्षेत्र सुनसान बनेको छ । यसअघि प्रतियोगिता हुँदा च्यासल रंगशालाको होस्टेलमा च्यासल क्लबका खेलाडीहरू बस्ने गरेका थिए । 'बी' डिभिजन लिग नभएको ३ वर्ष भइसकेको छ । खेल नभएपछि उनीहरू विस्थापित भएका छन् । यो रंगशालामा अहिले सुरक्षा गार्ड मनोज बस्नेतको परिवार मात्र बस्छ ।

### जोखिम कहिलेसम्म ?

जब बर्खा लाग्छ तब च्यासल रंगशाला क्षेत्रमा बाढीको जोखिम बढ्ने गरेको छ । पछिल्लो सयम असोजमा बाढीको जोखिम झनै बढिरहेको अवस्था छ । हालैको भारी वर्षाले खोलाको सतह बढे पनि रंशालामै बाढी पसेको भने छैन । तर, खतरा भने अझै नटरेको सुरक्षा गार्ड मनोज बस्नेत बताउँछन् । 'यो पटक रंगशालामा पानी पसेको छैन । तर, जोखिम पनि टरेको छैन । अझै १-२ महिना डराउनु पर्ने अवस्था छ,' उनी भन्छन् ।

रंगशाला छेवैका टोल व्यवसाही मदन लामा रंगशालाभित्र हरेक साल पानी पस्ने गरेको जानकारी दिँदै यसको दीर्घकालीन समाधान खोज्नुपर्ने बताउँछन् । 'रंगशालाभित्र हरेक साल पानी पस्ने गरेको छ । पोहोर पनि पानी छिरेर खेल्नै नमिल्ने बनाएको थियो । यसैले यसको दीर्घकालीन समाधान खोज्न आवश्यक छ,' उनले भने ।

तर, यतिबेला एन्फा आफैँ फिफाको निलम्बनमा छ । अर्कोतिर म्याच फिक्सिङ (खेल मिलेमतो) को आरोपमा एन्फाका कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डे पक्राउ परेका छन् । आफ्ना कर्मचारी म्याच फिक्सिङको आरोपमा मुछिएसँगै अखिल नेपाल फुटबल संघ (एन्फा) नेतृत्व भूमिगतजस्तै छ । यस्तोमा च्यासल रंगशालाले भोग्नुपर्ने सम्भावित खतराबारे चासो लिनेको कमी भइरहेको अवस्था सुरक्षा गार्ड बस्नेतलाई महसुस हुन्छ । एन्फा निलम्बन भएयता उनले तलब पनि पाएका छैनन् । 'म यहाँ सुरक्षा गार्डको रूपमा काम गरिरहेको छु । च्यासल रंगशालाको सम्पूर्ण सुरक्षा मैरै जिम्मेवारीमा छ । तर मैलै एन्फा निलम्बनयता तलब पाएको छैन । पत्नीको ठेला पसल छ, यसैले गाह्रोगरी जीवन धानिरहेको छु । छोरीलाई पढाइरहेको छु,' उनले भने, 'एन्फाले मलाई तलब त दिएको छैन भने अब बाढीबारे झन् के चासो होला र !'

यसैबीच, सौर्य दैनिकले च्यासल मैदानको पटक-पटकको डुबानको दीर्घकालीन समाधान खोज्न एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईसँग सम्पर्क गर्ने प्रयास गर्‍यो । तर, उनीहरूको मोबाइल अझै स्विच अफ रहेको पाइयो । एन्फाका कोषाध्यक्ष र लेखा अधिकृत पक्राउ परेयता एन्फा नेतृत्व भूमिगत प्रायः छ । तर, एन्फाका उपाध्यक्ष विराटजंग शाही र प्रतियोगिता निर्देशक सञ्जीव मिश्र भने सम्पर्कमा आए ।

एन्फा उपाध्यक्ष शाहीका च्यासल खेल मैदानको रंगशालासम्मको विकास लामो प्रक्रिया भएको र यसमा स्थानीयको भावना पनि जोडिएको छ । साथै, ३०-३१ करोड खर्च पनि भइसकेको छ । यसर्थ, यसलाई बाढीकै डरले अन्यत्र सार्ने अवस्था नभएको उनको भनाइ छ । यसर्थ, यो रंगशालालाई यथास्थानमा राखेर बाढी पस्न नदिने दीर्घकालीन समाधान खोज्नुपर्ने उनको सुझाव छ । पहिले खोलाबाट २० मिटर मापदण्ड छोडेर रंगशाला निर्माण गरिएको भए पनि खोलाले बाटो बदलेका कारण रंगशाला खोलाको नजिक पुगेको उनले बताए । 'खोलाले आफ्नो बाटो लिइहाल्छ, पहिले २० मिटर मापदण्ड थियो । खोलाले बगाएर नजिक पुर्‍यायो,' सौर्य दैनिकसँग कुरा गर्दै उनले भने, 'यो रंगशाला स्थानीयसँग भावनात्मक रूपमा जोडिएको छ, साथै, खर्च पनि भइसकेको छ । यसर्थ, यसलाई बाढीबाट जोगाउन रंगशालामा यथास्थानमा राखेर दीर्घकालीन समाधान खोज्नुपर्छ ।'

यस्तै, एन्फाका प्रतियोगिता निर्देशक मिश्रका अनुसार बागमती र मनोहराले गर्ने क्षति काठमाडौंतिर कम छ । तर, ललितपुरतिर यसको व्यापक असर छ । यसैले ललितपुरतिर पनि काठमाडौंतिर गेबियन वाल (तारजालीभित्र ढुंगा भरेर बनाइने मजबुत पर्खाल) लगाउनु पर्ने मिश्रको सुझाव छ । बागमती र मनोहराले गर्ने क्षति काठमाडौंतिर कम छ । तर, ललितपुरतिर यसको व्यापक असर छ । यसैले ललितपुरतिर पनि काठमाडौंतिर गेबियन वाल लगाउन आवश्यक छ,' मिश्रले समाधान औँल्याए ।

## संसदीय सम्बन्धलाई
# क्रिकेटको 'कनेक्सन' दिइँदै, नेपाल-बेलायत सांसद भिड्दै

■ सौर्य समाचार




काठमाडौं । नेपाल र बेलायतबीचको संसदीय सम्बन्धलाई खेलकुदसँग जोड्दै २ देशका सांसदबीच मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता हुने भएको छ । नेपाल-बेलायत संसदीय मैत्री समूहको पहलमा आगामी फेब्रुअरी २७ मा नेपालमा २ खेलको मैत्रीपूर्ण क्रिकेट आयोजना गर्न लागिएको हो ।

प्रस्तावित कार्यक्रमअनुसार पहिलो खेल काठमाडौंस्थित त्रिवि क्रिकेट मैदानमा हुनेछ भने दोस्रो खेल पर्यटकीय नगरी पोखरामा आयोजना गरिनेछ । क्रिकेटमार्फत २ देशका सांसदबीच आपसी सम्बन्ध र सहकार्य थप विस्तार गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको जनाइएको छ ।

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले मैत्रीपूर्ण क्रिकेटले नेपाल र बेलायतका सांसदबीचको सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको बताए ।

नेपाल र बेलायतबीच लामो समयदेखि वैदेशिक रोजगारी, पर्वतीय कूटनीति, पर्यटन, संस्कृति तथा संसदीय अभ्यासलगायतका क्षेत्रमा सहकार्य हुँदै आएको छ । यही सम्बन्धलाई नयाँ माध्यमबाट विस्तार गर्ने उद्देश्यले सांसदबीचको क्रिकेटलाई पनि कार्यक्रमको हिस्सा बनाउन लागिएको हो ।

प्रतियोगितासँगै २ देशका सांसदबीच अनुभव आदानप्रदान, संसदीय सहकार्य तथा आपसी सम्बन्ध विस्तारका विषयमा समेत छलफल हुने जनाइएको छ । त्यस्तै, काठमाडौं र पोखरामा आयोजना हुने खेलले नेपालको पर्यटन तथा सांस्कृतिक पहिचान प्रवर्द्धनमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# दुर्गालाल श्रेष्ठलाई 'अक्षर महर्षि'को पदवी

काठमाडौं । जनकवि दुर्गालाल श्रेष्ठलाई काठमाडौं महानगरपालिकाले 'अक्षर महर्षि'को पदवी प्रदान गरेको छ । महानगरपालिकाकी कार्यवाहक नगरप्रमुख सुनिता डंगोलले मंगलबार आयोजित जनकवि दुर्गालाल श्रेष्ठ स्मृति समारोहमा श्रेष्ठलाई उक्त पदवी अर्पण गरेकी हुन् ।

समारोहमा डंगोलले श्रेष्ठ भौतिक रूपमा उपस्थित नभए पनि उनका सिर्जना, विचार र साहित्यबाट उनी समाजमा निरन्तर उपस्थित रहेको बताइन् । उनका कविता र कृतिले पुस्तौंदेखि समाजको आवाज अभिव्यक्त गर्दै आएको उल्लेख गर्दै उनले श्रेष्ठका सिर्जनाले आगामी पुस्तालाई समेत प्रेरित गरिरहने धारणा व्यक्त गरिन् ।

'हामीमाझ नै हुनुहुन्छ जस्तो लाग्छ । आजको कार्यक्रम उहाँसँगै गर्ने योजना बनाएका थियौं । यद्यपि, आज उहाँ अक्षर आसनमा हामीसँगै आसिन हुनुभएको महसुस गरिरहेका छौं,' उनले भनिन् । डंगोलले श्रेष्ठका कृति र कवितामार्फत उनको सिर्जनात्मक उपस्थिति निरन्तर कायम रहेको उल्लेख गरिन् । उनले श्रेष्ठबाट प्रेरित पुस्तामार्फत पनि उनको साहित्यिक योगदान समाजमा जीवित रहने बताइन् ।

समारोहमा महानगरपालिकाले 'जनकवि, अक्षर महर्षि दुर्गालाल श्रेष्ठ सम्मान' घोषणा गर्दै सम्मानपत्रसमेत वाचन गरेको थियो । सम्मानपत्रमा श्रेष्ठले ८ दशकसम्म अक्षर र शब्दको साधना गर्दै कविता, गीत, भाषा र लेखनलाई जीवनको अभिन्न अंग बनाएको उल्लेख गरिएको छ ।

सम्मानपत्रमा भनिएको छ, '८ दशकसम्म अविच्छिन्न अक्षर र शब्दको पवित्र साधना, कवितालाई जीवन दर्शन, गीतलाई जनजनको कीर्तन, भाषालाई आत्मा निवास र लेखनलाई जीवनको एकमात्र आराधना बनाउनुभएका जनकवि दुर्गालाल श्रेष्ठप्रति अक्षर यात्रा दशक आठ ससम्मान हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।'

डंगोलले श्रेष्ठको दीर्घ साहित्यिक साधना, भाषाप्रतिको समर्पण तथा पुस्तान्तरण हुँदै आएको सिर्जनात्मक प्रभावलाई सम्मान गर्दै 'अक्षर महर्षि'को पदवी प्रदान गरिएको बताइन् ।

उनका अनुसार श्रेष्ठले नेपाली तथा नेवारी साहित्यको विकास र समाजमा मानवीय संवेदनाको अभिव्यक्तिमा पुर्‍याएको योगदान दीर्घकालसम्म स्मरणीय रहनेछ । साहित्यलाई समाज र मानवीय संवेदनासँग जोड्ने श्रेष्ठको योगदान नेपाली साहित्यमा महत्त्वपूर्ण रहेको पनि उनले उल्लेख गरिन् ।

**सर्वोत्तम पेन्ट्स ईण्डष्ट्रिज लिमिटेड**
**Sarvottam Paints Industries Limited**
Sarvottam Paints

**रजिष्टर्ड कार्यालय (कर्पोरेट)**: गोदावरी-२, अत्तरिया, कैलाली, नेपाल । फोन नं.: ०९१-५५११६०, फ्याक्स नं.: ०१-४१११५६७
इमेल : info@sarvottampaints.com, वेभसाइट : www.sarvottampaints.com

**पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/१४**

**आदरणीय शेयरधनी महानुभावहरु,**
सर्वोत्तम पेन्टस् ईण्डस्ट्रिज लिमिटेडको मिति २०८३ भाद्र ३१ गते बसेको सञ्चालक समितिको ८६ औ बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**
**सभा हुने मिति** : २०८३ आश्विन २५ गते, आइतवार (तदनुसार ११ अक्टोबर २०२६)
**समय** : दिनको १:०० बजे ।
**स्थान** : होटेल जंगल स्पा प्रा.लि. गोदावरी-०२, अत्तरिया कैलाली ।

**छलफल गर्ने विषयहरु**
**क) साधारण प्रस्ताव :**
१) कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८३ आषढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०८२/०८३ सम्मको मुनाफा रकम बाट कम्पनीको चुक्ता पुँजी रु. ३४,००,००,०००।-(अक्षरुपी रु. चौतिस करोड मात्र ) को ०.५२६३% अर्थात रु. १७,८९,४७४/- अक्षरेपी सत्र लाख उनानब्बे हजार चार सय चौहत्तर रुपैयाँ मात्र) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने सम्बन्धमा ।
५) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोबार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
६) संस्थापक समुहबाट ३ (तिन) जना तथा सर्वसाधरण समुहबाट १ (एक) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।
७) विविध

**ख) विशेष प्रस्ताव :**
१) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई आ.व. २०८२।८३ सम्मको मुनाफा रकमबाट कम्पनीको चुक्ता पुँजी रु ३४,००,००,०००।-(चौतिस करोड (रुपैंया मात्र) को १०% का दरले हुन आउने रु ३४,००,००,००।- (तिन करोड चालिस लाख (रुपैंया मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने । र उक्त बोनश शेयर वितरण गर्दा, हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्ने सम्बन्धमा ।
२) प्रस्तावीत वोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए पश्चात कम्पनीको जारी तथा चुक्ता पुँजीमा प्रभाव परी पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रमा संशोधन पारित गर्ने सम्बन्धमा ।
३) प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
४) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा सम्बन्धित निकायबाट कुनै संशोधन फेरबदल वा थपघट गर्न कुनै सुझाव निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५) विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोटः-** साधारण सभा सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८३/०६/०२ गतेको सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको सूचना हेर्नुहुन समेत अनुरोध गरिन्छ ।

## 'महिला आन्दोलनको सहखोजी'
# नयाँ पुस्ताका लागि महत्त्वपूर्ण अभिलेख




■ सौर्य समाचार

काठमाडौं । महिलाका जीवन भोगाइ, संघर्ष, योगदान र इतिहासलाई अभिलेखीकरण गर्दै आएको 'सन्धान'ले 'महिला आन्दोलनको सहखोजी' पुस्तकको दोस्रो श्रृ ला सार्वजनिक गरेको छ । लैङ्गिक समानता र सामाजिक रूपान्तरणका क्षेत्रमा कार्यरत संस्था द स्टोरी किचनसँगको सहकार्यमा पुस्तक प्रकाशित गरिएको हो ।

पुस्तक लोकार्पण कार्यक्रममा जेनजी तथा महिलावादी अभियन्ता मोनिका निरौलाले महिलाले आफ्ना कथा आफैँ भन्नुपर्ने आवश्यकतालाई पुस्तकले महिलावादी दृष्टिकोणबाट प्रभावकारी रूपमा प्रस्तुत गरेको बताइन् । महिलाका अनुभव र संघर्षलाई महिलाकै दृष्टिकोणबाट अभिलेख गर्नु इतिहासको पुनर्लेखनका लागि महत्त्वपूर्ण रहेको उनको भनाइ थियो ।

उनले पुस्तकमा महिलाका सरोकार, जीवन भोगाइ, संस्कार, संस्कृति, रीतिरिवाज, कानुन, संवैधानिक अधिकार तथा ऐतिहासिक आन्दोलनमा महिलाले खेलेको भूमिका र दिएको योगदानलाई समेटिएको बताइन् । साथै पुस्तकले महिलाले विगतमा भोगेका चुनौतीसँगै वर्तमान र आगामी पुस्ताका चुनौतीलाई समेत उजागर गरेको उल्लेख गरिन् ।

"कथा, इतिहास, महिलाका अनुभव र भोगाइको यो आलेखले विगतको इतिहासलाई मात्र समेटेको छैन, आजको पुस्ताका चुनौती र भोलिको पुस्ताका लागि पनि महत्त्वपूर्ण अभिलेखको काम गर्छ," निरौलाले भनिन् ।

उनले महिलावादी आन्दोलनका अनुभव, संघर्ष र सिकाइलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्नेमा जोड दिइन् । पुस्तक लेखनको प्रक्रियामार्फत विभिन्न पुस्ताबीच ज्ञान र सीप आदानप्रदान हुने भएकाले यसलाई पुस्तान्तरणको महत्त्वपूर्ण अभ्यासका रूपमा लिनुपर्ने उनको भनाइ थियो ।

सन्धानले लेखक तथा फेलोलाई मेन्टरसँग जोडेर एक पुस्ताको ज्ञान, सीप र अनुभव अर्को पुस्तासम्म पुर्‍याउने अभ्यास अघि बढाएको उल्लेख गर्दै निरौलाले यस्तो प्रक्रियाले महिलावादी आन्दोलनको अनुभवलाई संस्थागत गर्न सहयोग पुग्ने बताइन् ।

महिलावादी अध्ययन विधिले महिला तथा संघर्षरत समुदायलाई केवल पीडितका रूपमा नभई सचेत र सक्रिय संघर्षकर्ताका रूपमा हेर्नुपर्नेमा पनि उनले जोड दिइन् । कार्यक्रममा द स्टोरी किचनकी प्रोग्राम लीड तथा कार्यकारी प्रमुख गर्तिका बज्राचार्यले महिलाका नसुनिएका आवाज, अनुभव, संघर्ष, योगदान, भूमिका र ज्ञानलाई अभिलेखीकरण गरी आगामी पुस्तासम्म पुर्‍याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताइन् ।

इतिहासमा पर्याप्त महत्त्व नदिइएका महिलाका संघर्ष, अनुभव र योगदानलाई सङ्कलन तथा अभिलेखीकरण गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको उनले स्पष्ट पारिन् ।

"महिलाका नसुनिएका आवाज, भोगाइ, इतिहासमा गणना गर्न महत्त्वपूर्ण नठानिएका संघर्ष, योगदान, भूमिका र ज्ञानलाई सङ्कलन गरी अभिलेख गर्दै आगामी पुस्तालाई हस्तान्तरण गर्नु कार्यक्रमको उद्देश्य हो," बज्राचार्यले भनिन् ।

उनले महिलावादी दृष्टिकोणबाट इतिहास लेख्ने अभियान कुनै एक व्यक्ति वा संस्थाको प्रयासमा सीमित नभएको बताउँदै 'महिला आन्दोलनको सहखोजी'को पहिलो श्रृ ़लाबाट सुरु भएको यात्रा दोस्रो श्रृंखलासम्म आइपुगेको उल्लेख गरिन् । महिलाका अनुभव र योगदानलाई अभिलेखीकरण गर्ने लेखन तथा प्रकाशन यात्रा आगामी दिनमा पनि निरन्तर अघि बढ्ने उनले बताइन् ।

**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । अध्यक्ष तथा प्रधानसम्पादक : बोधराज त्रिपाठी । सम्पादक : खेम भण्डारी । कार्यालय, पानीपोखरी, काठमाडौं । फोनः ०१४५२०१९५ । पो.बनं.: १०३७८, इमेलः info@souryadaily.com । **मुद्रण**: एक्सप्रेस कलर प्रेस, बुद्धनगर